# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजना

## २०८०

**गाउँ कार्यपालिकाको कार्यालय**

**महादेवा गाउँपालिका**

**सप्तरी**

**मधेश प्रदेश**

| | |
|---|---|
| **दस्तावेजको नाम** | महादेवा गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजना |
| **सहकार्य** | प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, जनकपुरधाम |
| **परामर्शदाता** | इन्भाइरोमेन्टन कन्जरभेसन एण्ड सस्टेनएबल डिभलपमेन्ट प्रा. ली. तुलसीपुर दांग |
| **साल** | २०८० |

# अध्यक्षको मनतब्य

संविधानमा व्यवस्था भएका हक र अधिकारहरू कार्यान्वयन गरी नागरिकलाई महशुस गराउने जिम्मेवारी स्थानीय सरकारको पनि हो । नेपालको संविधानले लैङ्गिक तथा सामाजिक समावेशी समाजको परिकल्पना गरेको छ । संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने उल्लेख गरिएको छ । महिला, दलित, बालबालिका, सामाजिक न्याय लगायतका अधिकारहरू संविधान प्रदत्त मौलिक हकहरू हुन् ।

महादेवा गाउँपालिकाले महिला तथा सेबा लिनबाट बन्चित रहेका व्यक्तिहरूका हकहरूको कार्यान्वयन गर्न पहल गरिसकेको छ । त्यसलाई अरु बढी प्रभावकारी बनाइ महादेवा गाउँपालिका लाई लैङ्गिक तथा सामाजिक समावेशी मैत्रि पालिका बनाउन महादेवा गाउँपालिकाले यो लैससास रणानीतिक योजना बनाएको हो ।

लैङ्गिक, जातीय तथा वर्गीय विभेद रहित समतामुलक, न्यायपुर्ण समृद्ध पालिकाको निर्माण गर्ने दूरदृष्टि लिएर यो रणनीति निर्माण भएको हो।यो रणनीतिक योजनाले महादेवा गाउँपालिकाको नीति, योजना, संरचना व्यवस्था, सेवा प्रवाह, कार्यक्रम तथा बजेट लैससास मैत्री हुने, महिला तथा लक्षित वर्गको सशक्तीकरणको माध्यमद्वारा सार्वजनिक स्रोत, साधनको पहुँच र नियन्त्रण बढाउने उद्देश्य लिएको छ।यो रणनीतिक योजनाले दिगो विकास र आर्थिक समृद्धिको लागि महिला तथा लक्षित वर्गको समान अवसर, नेतृत्वदायी भूमिका वृद्धि, साथै समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चितताका लागि आर्थिक सशक्तीकरणका गतिविधिहरू सञ्चालन गर्ने उद्देश्य लिएको छ।नेपालले लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा गरेका प्रतिबद्धताहरू कार्यान्वयन गर्नु गाउँपालिकाको दायित्व पनि हो । यस गाउँपालिकामा सामाजिक न्याय स्थापना गर्न समेत यो रणनीतिक योजनाले मद्दत गर्नेछ ।

यो रणनीतिक योजना निर्माण गर्न नेतृत्व गर्ने कार्यदल, रणनीति निर्माणमा खट्नु भएका गाउँपालिकाका पदाधिकारी, कर्मचारी र प्राविधिक सहयोग गर्ने प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र तथा रणनीति तर्जुमामा सहजिकरण प्रदान गर्ने इन्भाइरोमेन्टन कन्जरभेसन एण्ड सस्टेनएबल डिभलपमेन्ट प्रा. ली लाई हार्दिक धन्यवाद दिन चाहन्छु । लैससासमैत्री गाउँपालिका निर्माण गर्न यो योजनाले महत्वपूर्ण भूमिका खेल्न सबै सरोकारवालाहरूको सकारात्मक योगदानको अपेक्षा गर्दछु ।

सुनिल कुमार मंडल

**अध्यक्ष**

# बिषयसूची

**परिच्छेद — एकः परिचय** ........ १
१.१ लैससासको पृष्ठभुमी ........ १
१.२ लैससास सम्बन्धी संवैधानिक, कानुनी र नीतिगत व्यवस्था ........ १
१.३ लैससास रणनीतिको औचित्य र आवश्यकता ........ ३
१.४ लैससास रणनीति तर्जुमा विधि ........ ४
**परिच्छेद — दुईः महादेवा गाउँपालिकाको लैससास मूलप्रवाहिकरणको अवस्था विश्लेषण** ........ ६
२.१ महादेवा गाउँपालिकाको परिचय ........ ६
२.२ महादेवा गाउँपालिकाको लैससास मूलप्रवाहिकरणका लागि गरिएका प्रयासहरू ........ ७
२.२.१ गाउँपालिकाको लैससासको अवस्था ........ ७
२.२.२ लक्षित वर्ग नक्साङ्कन ........ ८
२.३ गाउँपालिकामा लैससासको अवस्था विश्लेषण ........ ९
२. ३.१ गाउँपालिकामा लैससास सम्बन्धी प्रमुख समस्या तथा सवालहरू ........ ९
२.३.२ गाउँपालिकामा लैससासको सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती विश्लेषण ........ १०
**परिच्छेद — तीनः महादेवा गाउँपालिकाको लैससास रणनीति** ........ १४
३.१ नाम ........ १४
३.२ प्रारम्भ ........ १४
३.३ लैससास परिभाषाका मुख्य शव्दावलीहरू ........ १४
३.४ दीर्घकालीन सोच ........ १६
३.५ लक्ष्य ........ १७
३.६ उद्देश्यहरू ........ १७
३.७ लैससास मूलप्रवाहिकरणको सिद्धान्त ........ १७
३.८ लैससासका मूल्य मान्यताहरू ........ १८
३.९ नीति तथा रणनीतिहरू ........ १८
३.१० वार्षिक कार्ययोजना ........ २३
**परिच्छेद — चारः लैससास रणनीति कार्यान्वयन, अनुगमन र प्रतिवेदन** ........ ३३
४.१ लैससास रणनीति कार्यान्वयन गर्ने सम्यन्त्र ........ ३३
४.१.१ गाउँपालिकास्तरीय लैससास कार्यान्वयन समितिको गठन ........ ३३
४.१.२ वडास्तरमा लैससास कार्यान्वयन समिति गठन ........ ३३
४.१.३ लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार ........ ३३

४.१.४ वडास्तरको लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार ..................................... ३४

४.१.५ वैठक, कार्यविधि र सेवासुविधा ........................................................................................ ३५

४.१.६ सम्पर्क व्यक्ति ................................................................................................................ ३५

४.२ लैससास रणनीति कार्यान्वयनमा सरोकारवालाको भूमिका ..................................................... ३५

४.३ अनुगमन तथा मूल्याङ्कन ..................................................................................................... ३७

४.३.१ गाउँपालिकाको लैससास रणनीतिको लागि मुख्य कार्यक्षेत्रहरू .............................................. ३७

४.३.२ रणनीति कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन सम्बन्धि व्यवस्था .......................................... ३७

४.४ लैससास रणनीतिको समिक्षा तथा सुधार .............................................................................. ३८

४.४.१ लैससास रणनीति कार्यान्वयनको लागि वित्त व्यवस्थापन ...................................................... ३८

४.४.२ सम्भावित जोखिम तथा न्यूनीकरणका उपायहरू ................................................................... ३९

४.५ निष्कर्ष .......................................................................................................................... ३९

## परिच्छेद — एकः परिचय

### १.१ लैससासको पृष्ठभुमी

नेपालको संविधानले वर्गीय, क्षेत्रीय, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समातामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा मानव अधिकार तथा सामाजिक विकासका दृष्टिले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) लाई एक महत्त्वपूर्ण क्षेत्रको रूपमा लिने गरिएको छ । साथै समानताको हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, शोषण विरुद्धको हक, बालबालिकाको हक, महिलाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हकलगायत शिक्षा, स्वास्थ्य, पोषण जस्ता विषयहरूलाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ । त्यसैगरी दिगो विकासको लक्ष्यले लैङ्गिक समानता हासिल गर्ने र नीतिगत, कानुनी, संरचनात्मक लगायतका आयामहरूबाट सामाजिक, आर्थिक तथा राजनैतिक समावेशितालाई प्रवर्द्धन गर्दै सामाजिक संरक्षणका नीति अवलम्बन गर्ने लक्ष्य लिएको छ ।

स्थानीय तहका संविधानद्वारा प्रदत्त हकहरूको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सबै नीति योजना, कार्यक्रम तथा संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी/जनजाती, मधेसी, मुस्लिम, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समान सहभागी गराई लैङ्गिक समानता तथा सामाजिक समावेशी मैत्री गाउँपालिका बनाउने परिकल्पना अनुरुप लैससास मूल प्रवाहीकरणको माध्यमबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतिलाई संस्थागत गर्न आवश्यक देखिएकोले "महादेवा गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" रणनीति योजना तयार गरिएको छ ।

### १.२ लैससास सम्बन्धी संवैधानिक, कानुनी र नीतिगत व्यवस्था

नेपालको संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ। महिलाको हक सम्बन्धी धारा ३८ ले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी, राज्यका सवै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक

विभेदको व्यवस्था गरेको छ । यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरू कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । समानताको हकले नागरिकहरू सामाजिक र सांस्कृतिक रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तीकरण र विकासको लागि संविधानमा विशेष प्रावधानहरू राखिएको छ । सामाजिक न्यायको हकले तीन वटै तहका सरकारहरूले समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा नागरिक सहभागिता सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यको अग्रगामी पुनःसंरचना गरी देशमा विधमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक विभेदहरूलाई समाधान गर्ने सङ्कल्प गरे अनुरूप नेपालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मुख्य विषयको रूपमा अङ्गीकार गरिएको छ । वि.सं. २०६३/०६४ देखि लैङ्गिक उत्तरदायी बजेटको सुरुवात भई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा संरचना निर्माण र बजेट तथा योजना तर्जुमा गरी सोको कार्यान्वयन हुँदै आएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा लैङ्गिक समानता तथा सामजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्तावनामा नै उल्लेख गरिएको छ । यसका साथै दफा ११ को गाउँपालिका तथा गाउँपालिकाको काम, कर्तव्य र अधिकारको उपदफा २ (त) मा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापनको जिम्मेवारी अन्तरगत विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ को उपदफा (२) मा स्थानीय तहले योजना तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य समयसिमा र प्रकृयासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिबर्तन अनुकूल, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था उल्लेख गरिएको छ । यसैगरी सोही दफाको उपदफा (३) गाउँपालिका तथा नगरपालिकाले आफ्ना योजना, नीति तथा बजेट तर्जुमा गर्दा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि हुने खालका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकता दिनु पर्नेछ भनि उल्लेख गरेको छ ।

संयुक्त राष्ट्रसंघको साधारण सभाले सन् २०१६ देखि २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरू पारित गरेको छ । दिगो विकासका लक्ष्यहरूले विशेष गरी हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता, समानताका साथै भोक र गरिबीको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जीवनयापनको परिकल्पना गर्दछ । यसका साथै

यी लक्ष्यहरूले गरिबीको रेखामुनि रहेका नागरिक, बालबालिका, किशोरकिशोरी, महिला, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसङ्ख्यक, पछाडी परेका समुदाय जस्तै दलित, जनजाती, आदिवासीहरूको आवश्यकताहरूलाई समेट्ने उद्देश्य राखेको छ । चरम गरिबीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसँग लड्न र पछाडि परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगती गर्नका लागि कोहि पनि पछाडि नछुटुन् भन्ने मुख्य सिद्धान्तलाई दिगो विकासका लक्ष्यहरूले अङ्गीकार गरेको छ ।

नेपालको दशौं पञ्चवर्षीय योजना (२०५९-२०६४) मा लैङ्गिक समानता र सामाजिक समावेशीकरण अवधारणालाई अन्तर सम्बन्धित विषय (Cross-cutting issues) का रूपमा स्थान दिइएको थियो ।

पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/०७७-२०८०/०८१) मा क) लैङ्गिक समानता तथा महिला सशक्तीकरण ख) बालबालिका तथा किशोरकिशोरी ग) ज्येष्ठ नागरिक घ) अपाङ्गता भएका व्यक्ति ङ) सामाजिक सुरक्षा तथा संरक्षण च) समावेशीकरण लगायतका विषयहरूलाई अलग अलग शीर्षकमा राखिएको छ ।

## १.३ लैससास रणनीतिको औचित्य र आवश्यकता

महादेवा गाउँपालिकाले महिला हिंसा तथा अन्य विभिन्न प्रकारको हिंसा न्यूनीकरण, सामाजिक कुसंस्कार बिरुद्द जनचेतनामुलक कार्यक्रम तथा महिला तथा पिछडीएका वर्गको सशक्तिकरणको लागि निरन्तर रुपमा आफ्नो नीति, योजना तथा कार्यक्रममा लैससासको अवधारणा अनुसार कार्यक्रमहरू गर्दै आएको छ तथापी यसलाई थप नतिजामुखी र व्यवस्थित गर्नुपर्ने आवश्यकता छ । समुदायमा विद्यमान सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै समतामुलक, समानुपातिक समावेशी र सहभागितामूलक समाजको निर्माण गर्न गाउँपालिकाको नीति निर्माण, बजेट तर्जुमा र सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मैत्री बनाउन आवश्यक छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न लैससास रणनीति मार्गदर्शन हुनेछ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिको माध्यमबाट गाउँपालिकाले तर्जुमा गर्ने नीति, कानून तथा योजना, संस्थागत संरचना, मानव संशाधन तथा क्षमता विकास तथा सेवा प्रवाहका सबै प्रकियाहरूमा महिला तथा सामाजिक रुपमा पिछडिएका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी समावेशी लोकतन्त्रलाई संस्थागत गर्दै सामाजिक न्याय कायम गर्नुका साथै राज्यका सबै संयन्त्रहरूमा सम्पूर्ण तह वा वर्गका नागरिकको समतामुलक पँहुच स्थापित गर्नु लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

रणनीति योजनाको मुख्य उद्देश्य रहेको छ । लैससास रणनीतिक योजनाका विशेष उद्देश्यहरू निम्न लिखित रहेका छन् ।

- ✓ महादेवा गाउँपालिकामा लैससास सम्बन्धी शासन व्यवस्थाको प्रवर्द्धन गर्ने ।
- ✓ गाउँपालिकाको योजना तर्जुमा प्रकृयालाई लैससासमैत्री बनाउने ।
- ✓ गाउँपालिकाको नीति, कानून, संरचना, कार्यक्रम, योजनाका सबै प्रकियाहरूमा महिला तथा सामाजिक रुपमा पिछडिएका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
- ✓ सरोकारवालाहरू बिच लैससासको बुझाईमा एकरुपता कायम गर्न र लैससास सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनमा सहयोग गर्ने ।
- ✓ राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धताहरू, कार्य योजनाहरू तथा दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न सहयोग गर्ने । गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेटलाई लैङ्गिक उत्तरदायी बनाउने ।
- ✓ लक्षित वर्गमा सामाजिक न्याय कायम गर्दै स्रोत र साधनको न्यायोचित वितरणको व्यवस्था गर्ने ।

## १.४ लैससास रणनीति तर्जुमा विधि

महादेवा गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना गाउँपालिकाको मार्गनिर्देशनमा विविध क्षेत्रमा संलग्न सरोकारवाला बिच गरिएको परामर्शबाट तयार पारिएको हो । कार्यपालिकाका पदाधिकारीहरू र कर्मचारीहरूबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना निर्माणमा अग्र भूमिका निर्वाह गरेको छ । गाउँपालिकाको लैससास मूलप्रवाहीकरण रणनीति तर्जुमाका लागि देहायका विधिहरू अवलम्वन गरिएको छ ।

**सम्बन्धित दस्तावेज अध्ययनः**

कार्यपालिकाबाट तोकिएका सदस्य तथा कर्मचारी र विज्ञ टोलीले नेपालको संविधान, १५ औ पञ्चबर्षिय योजना, स्थानीय सरकार सञ्चालन ऐनमा भएको लैससास सम्बन्धि प्रावधानहरू, दिगो विकासका लक्ष्यहरू, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्दताहरू, लैङ्गिक समानता नीति २०७७, स्थानीय सरकारको समावेशीकरण नीति २०७८, मधेस प्रदेशको प्रथम आवधिक योजना तथा गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम, बार्षिक प्रगती प्रतिवेदन, आदी अध्ययन गरियो ।

**मुख्य सरोकारवालाबाट जानकारीः**

पालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, महिला तथा बालबालिका शाखा, सामाजिक विकास शाखा र न्यायिक समितिका साथै लैससासको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाका प्रमुखहरूसंग अन्तवार्ता र छलफल गरी जानकारी संकलन गरियो ।

**परामर्श कार्यशालाः**

पालिका अध्यक्ष, उपाध्यक्ष सहित कार्यपालिकाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत तथा बिषयगत शाखा प्रमुख तथा प्रतिनिधिहरू, लक्षित समुहका प्रतिनिधिहरूको उपस्थितिमा १ दिने लैसाससको बारेमा छलफल तथा लैससासको पालिका र वडा स्तरीय कार्यान्वयन समिति गठन गरियो र पालिकाका सबै दस्ताबेज अध्ययन गरियो । १ दिने कार्यशाला गोष्ठीको आयोजना गरियो । उक्त कार्यशालामा समुहगत छलफलबाट गाउँपालिकाको अवस्था विश्लेषण, सवाल पहिचान तथा लक्षित समुहहरूको नक्साङ्कन गरी प्राथमिकिकरण गरियो ।

**लक्षित वर्ग केन्द्रित छलफलः**

कार्यशाला गोष्ठीको छलफल र समुहगत कार्यबाट प्राथमिकिकरणमा परेका तिन बटा लक्षित समुहहरूसँग (अपाङ्गता भएका व्यक्ति र दलित महिला) छलफल गरियो । समुह केन्द्रित छलफलवाट समुदायमा रहेका लक्षित वर्गको अवस्था र आवश्यकताको वारेमा जानकारी संकलन गरियो ।

**मसौदा प्रस्तुतिकरण बैठकः**

माथि उल्लेख भए बमोजिमका विधिद्वारा प्राप्त सुचनाको विश्लेषणको आधारमा तयार पारिएको मस्यौदा रणनीति योजना बारे गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूको बैठकमा प्रस्तुत गरी छलफलबाट प्राप्त सुझावलाई समावेश गरी अन्तिम रुप दिइएको थियो ।

## परिच्छेद — दुईः महादेवा गाउँपालिकाको लैससास मूलप्रवाहिकरणको अवस्था विश्लेषण

### २.१ महादेवा गाउँपालिकाको परिचय

**भौगोलिक अवस्था**

मधेश प्रदेश अन्तर्गतको सप्तरी जिल्लाको पुर्वी महादेश गाउँपालिका भेगमा अवस्थित छ । सप्तरी जिल्लामा रहेका स्थानीय तहहरु मध्ये एक हो महादेवा गाउँपालिका। यो गाउँपालिका साविकको पकरी, डाढा, वथनाहा, महादेवा र भगवतपुर गाविस मिलेर बनेको हो। यसको क्षेत्रफल ३४.९७ वर्ग किलोमिटर रहेको छ । यसको केन्द्र वथनाहामा रहेको छ।यसको सिमाना पूर्वमा हनुमान नगर कंकालिनी नगरपालिका, पश्चिममा राजविराज नगरपालिका, उत्तरमा तिरहुत र अन्सिाइर कृष्णासवरण गाउँपालिका र दक्षिणमा त्रिलाठी गाउँपालिका रहेको छ । यस गाउँपालिकामा ६ वटा वडा छन । साविकको पकरी गाविसको एक देखि नौ नं. वडालाई हालको वडा नं. १, महादेवा गाविसको एक देखि नौ नं. वडालाई हालको वडा नं. २, वथनाहा गाविसको वडा नं. एक देखि तीनलाई हालको वडा नं. ३, डाढा गाविसको एक देखि नौ नं. वडालाई हालको वडा नं. ४, भगवतपुर गाविसको एक देखि नौ नं. वडालाई हालको वडा नं. ५ र कमेन बथनाहा गाविसको वडा नं. ४ देखि ९ वडालाई हालको वडा नं. ६ काएम गरिएको छ । जिल्लाका स्थानीय तहहरु मध्ये यो गाउपालिका क्षेत्रफलको आधारमा १६ औं र जनसंख्याको हिसावले १० स्थापनमा पर्दछ ।राष्ट्रिय जनगणना २०७८ का अनुसार यस पालिकामा ६२७९ वटा घरधुरी रहेका छन् भने कुल जनसंख्या ३०३१५ जसमा ५०.२% पुरुष र ४९.८% महिला रहेका छन् भने प्रति १०० महिलामा १००.८९ जना पुरुष लैङ्गिक अनुपात रहेको छ भने ८६७ जना अपांगता भएका व्यक्ति रहेका छन् जसमा कुल जनसंख्या १.४%छन् भने महिला १.१% र पुरुष १.६% रहेका छन यस पालिकामा साक्षरता दार ५९.९% रहेको छ भने पुरुष ७०.३% छन् भने महिला ४९.५%रहेको छ । यस गाउँपालिकाको वडा नं. १ देखि ६ सम्मका सबै घरधुरीमा पुगी कोबो एप्सबाट गरेको सर्वेक्षण अनुसार छ वटा वडाको जम्मा ४५६८ घरधुरी बसोबास गर्दछन। ती छ वटा वडाको जातीय बनोटको हिसावले मुख्य रुपमा यादव, मण्डल, मुसलमान, तेली, कलवार, पासवान, चमार, डोम, ब्रम्हाण, क्षेत्री, सरदार पर्दछन र धार्मिक रुपमा यहा खास गरी हिन्दु र मुस्लिम धर्मालम्बीको वसोवास रहेको छ । यहाँको मुख्य पेशा कृषि हो भने व्यापार व्यवसाय, नोकरी र वैदेशिक रोजगार सहायक पेशाहरु हुन ।

गाउँपालिकाको शैक्षिक संरचनाको अवस्था हेर्दा सामुदायिक र नीजि गरी कूल ३२ वटा विद्यालय छन । जस मध्ये शिशु कक्षा १३, आधारभुत विद्यालय ४, उच्च माध्यामिक विद्यालय २२ निजी विद्यालय १३ वटा रहेको छ । स्वास्थ्य सुविधाको लागि यस गाउँ पालिकामा ६ वटा हेल्थपोष्ट रहेको छ ।

यस गाउँपालिकामा महिलाहरूको सहभागिता एकदम कमजोर छ । गाउँमा गठित समुहहरूमा महिलाहरूको नेतृत्व नामको लागि मात्र रहेको देखिन्छ । महिलाहरू खासगरी घरयासी कामको साथै खेतबारीको काम समेत गर्दछन । सामाजिक सम्पत्तिमा जातीय हिसावले सबैको प्रतिनिधित्व भएको देखिए पनि महिलाहरूको भने सहभागिता न्यून देखिएको छ । शिक्षा, जनचेतना र सामाजिक मूल्य मान्यताको कारण महिलाहरू पछाडी परेका छन् । राज्य शक्तिमा सबै जातजातिको पुरुषहरूको पहुँच छ तर महिलाको पहुँच कम मात्रामा छ । अन्य जातिहरूको तुलनामा पारिवारिक निर्णय प्रक्रियामा यहाँको समुदायमा पुरुषहरूको बाहुल्यता छ ।

## २.२ महादेवा गाउँपालिकाको लैससास मूलप्रवाहिकरणका लागि गरिएका प्रयासहरू

### २.२.१ गाउँपालिकाको लैससासको अवस्था

महादेवा गाउँपालिकाले विगत वर्ष देखि नै समुदायमा पछाडी पारिएका वा परेका समुदायहरू जस्तै दलित, मधेसी, मुस्लिम, पिछडा वर्ग, सिमान्तकृत महिला, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडित महिलाहरू लगायतलाई विकासको समग्र प्रकृयामा मुलप्रवाहीकरण गर्ने प्रयास निरन्तर रहेको छ । महादेवा गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमहरूले लैससासलाई प्रवर्द्दन गर्दै जाने नीति तथा कार्यक्रमहरू तर्जुमा गर्ने अभ्यास गरेको छ । महिला, घरेलु तथा अन्य हिंसा न्यूनीकरण गर्न विशेष संरक्षणको आवश्यकता भएका हिंसा पिडित महिलाको उद्धार र संरक्षण गरेको छ । वार्षिक योजना तथा बजेट विनियोजन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीको लागि छुट्टै शीर्षकमा बजेट विनियोजन गर्ने गरेको छ तर सत प्रतिसत खर्च नभएको देखिन्छ । साथै आर्थिक रुपले विपन्न लगायत नागरिकको संरक्षण, सशक्तीकरण, सचेतना विकासका लागि आय आर्जनका कार्यक्रमहरू रहेका छन् ।

महादेवा गाउँपालिकाका महिलाको सामाजिक, आर्थिक तथा शारीरिक विकासको लागि नेतृत्व क्षमता विकास तालिम, कानूनी सचेतता कार्यक्रम, विविध दिवसहरू मनाउने गरेको छ । समुदाय स्तरमा गठन हुने समिति उपसमिति तथा कार्यदलमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चितता गरिएको छ । प्रजनन स्वस्थ्य तथा पोषण कार्यक्रमहरू

कार्यान्वयनमा रहेका छन । जातीय हिसावले विविधता रहेको सबै आदिवासी जनजाति, दलित लगायत अन्य जातजातिको मौलिक संस्कृति र परम्परालाई संरक्षण गर्दै समाजको समविकासको मान्यतालाई आत्मसाथ गर्दै आएको छ ।

गाउँपालिका भित्र रहेका विपन्न तथा गरिब परिवारको पहिचान गरी आर्थिक तथा सामाजिक सशक्तिकरणको लागि गाउँपालिकाले विभिन्न सीप विकास तथा आयआर्जनका कार्यक्रमहरू गर्दै आएका छन । महिला उधमशिलता विकासको लागि सीपमूलक तालिम सञ्चालन गरिएको छ । त्यस्तै जेष्ठ नागरिकको सम्मान र अवश्यक सहयोग कार्यक्रमहरू पनि गरिएको छ ।

### २.२.२ लक्षित वर्ग नक्साङ्कन

महादेवा गाउँपालिकाको प्रोफाईल अध्ययन, बस्तुस्थिति विश्लेषण, कार्यशाला गोष्ठि, मुख्य सुचनादाताहरू सँगको अन्तरवार्ता, लक्षित समूहसँगको छलफल र अन्तरकृयाबाट यस गाउँपालिकाको लक्षित समुदाय र लैससाससँग सम्वन्धित सवालहरू निम्न रहेका छन् ।

तालिका १: लक्षित वर्ग नक्साङ्कन विवरण

| क.स | लक्षित वर्गको प्राथमिकिकरण | समस्या / तथा सवाल |
|---|---|---|
| १ | अपाङ्गता भएका व्यक्तिहरू | ✎ अपाङ्गता मैत्री भौतीक संरचना नहुनु<br>✎ क्षमता अनुसारको रोजगारीका अवसरहरूको अभाव<br>✎ पूर्ण आपाङ्गता भएका व्यक्तिको दैनिक हेरचाह तथा स्याहार गर्नुपर्ने हुँदा परिवारको सदस्य व्यस्त भइ आर्यआर्जन गर्न कठिनाई<br>✎ सहायक सामाग्रीको सहजै उपलब्धता नहुनु |
| २ | मुस्लिम महिलाहरू | ✓ आयआर्जनको स्रोतमा न्युन पहुँच तथा नियन्त्रण<br>✓ घरेलु तथा लैङ्गिक हिंसा,बालबिबाह, दाईजो<br>✓ निर्णायक तहमा न्युन सहभागिता<br>✓ जनचेतनाको अभाव, शिक्षामा कमि<br>✓ प्रजनन् स्वस्थ्यमा समस्या<br>✓ समामा जातीय विभेद |
| ३ | पिछडीएका समुदायका महिला | ✎ पारिवारिक तथा समुदाय स्तरको निर्णायक तहमा न्युन सहभागिता<br>✎ घरेलु हिंसा<br>✎ शिक्षामा न्यून पहुँच साथै बालबालिकामा बिद्यालय छोड्ने समस्या<br>✎ बालबिबाह, वहुविवाह, जनचेतनाको अभाव |

| | | |
|---|---|---|
| ४ | दलित समुदाय | ✓ आर्थिक अभाव, गरिबी<br>✓ स्रोत र साधनमा न्युन पहुँच<br>✓ निर्णय प्रकृयामा न्युन सहभागिता<br>✓ बेरोजगारी<br>✓ सुचनाको अभाव<br>✓ शिक्षमा न्यून पहुँच साथै बालबालिकामा बिद्यालय छोड्ने समस्या<br>✓ जनचेतनाको अभाव<br>✓ सामाजिक विभेद |
| ५ | बिपन्न बर्ग | गरिव तथा आर्थिक अभाव<br>बसाईको स्थायीत्व नहुने<br>बालबालिका बिद्यालय जानबाट वञ्चित<br>लैङ्गिक हिंसा<br>बैदेशिक रोजगारी, पशुपालन, खेतबटाई<br>सरसफाई तथा फोहोर मैला व्यवस्थापन |
| ६ | एकल महिला<br>जेष्ठ नागरिक, र अशक्त | ✓ पारिवारीक बोझको सामना<br>✓ स्वस्थ्य परिक्षणमा समस्या<br>✓ एक्लोपन<br>✓ नैरास्यता |
| ७ | लैङ्गिक तथा यौनिक अल्पसंख्यक | पहिचानमा समस्या<br>सामाजिक विभेद<br>आर्थिक अभाव<br>जिविकोपार्जनमा समस्या<br>सेवा सुविधामा पहुँच नभएको |

## २.३ गाउँपालिकामा लैससासको अवस्था विश्लेषण

### २. ३.१ गाउँपालिकामा लैससास सम्बन्धी प्रमुख समस्या तथा सवालहरू

१. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी नीति, कार्यविधि तथा रणनीति नहुनु ।

२. महादेबा गाउँपालिकाको योजना तर्जुमा प्रकृयामा महिला तथा लक्षित वर्गको व्यवहारिक तथा रणनीतिक आवश्यकताको पहिचान नहुनु ।

३. दलित महिला, सिमान्तकृत र पिछडिएको समुदायको शिक्षामा कमी, आर्थिक अभाव, लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक कुरीति र कुप्रथामा ग्रसित हुनु ।

४. लैङ्गिक उत्तरदायी बजेट विनियोजन तथा नियमित रुपमा लैससास परिक्षण नहुनु ।

५. महादेबा गाउँपालिकाको लैससास सम्बन्धी विस्तृत खण्डकृत तथ्याङ्कको संकलन र अद्यावधिकको अभाव हुनु ।

६. महादेबा गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा पदाधिकारीहरूको लैससास प्रति कम संवेदनशील रहनु ।

७. गाउँपालिकाको नीति, कार्यविधि, योजना छनोट तथा बजेट तर्जुमा प्रकृयामा महिला तथा लक्षित वर्गको कम पहुँच रहनु ।

८. गाउँपालिकाको सेवा प्रवाह संयन्त्र र प्रकृया लैससासमैत्री नहुनु ।

९. गाउँपालिकाको योजना तर्जुमा प्रकृयामा महिला तथा लक्षित वर्गको व्यवहारिक तथा रणनीतिक आवश्यकताको पहिचान नहुनु ।

१०. दलित महिला, सिमान्तकृत र पिछडिएको समुदायको शिक्षामा कमी, आर्थिक अभाव, लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक कुरीति र कुप्रथामा ग्रसित हुनु।

११. लैङ्गिक उत्तरदायी बजेट विनियोजन तथा नियमित रुपमा लैससास परिक्षण नहुनु ।

१२. महादेबा गाउँपालिकाको लैससास सम्बन्धी विस्तृत खण्डकृत तथ्याङ्कको संकलन र अद्यावधिकको अभाव हुनु ।

१३. महादेबा गाउँपालिका तथा समुदाय स्तरको निर्णायक तहमा महिला तथा लक्षित वर्गको न्युन पहँच हुनु ।

### २.३.२ गाउँपालिकामा लैससासको सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती विश्लेषण

**सबल पक्षहरू**

- महादेवा गाउँपालिकाका महिला वालवालिकाको शीर्षकमा बजेट विनियोजन भएको ।
- महिला हिंसा, घरेलु हिंसा तथा अन्य हिंसाका पीडितलाई संरक्षण गरी पुनउत्थानको लागि “लैङ्गिक हिंसा निवारण कोष कार्यविधि सञ्चालनमा रहेको ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई शारीरिक अवस्थाको आधारमा परिचय पत्र र सहुलियत कार्यक्रम ।
- ज्येष्ठ नागरिक सम्मान कार्यक्रम ।
- वार्षिक नीति तथा योजनामा लैससास सम्वन्धि विषयहरू समावेश भएको ।
- नीतिमा महिला किशोरी वालिका लगायत लक्षित वर्गमा हुने विभेदजन्य कार्यहरू अन्त्य गर्ने प्रावधान भएको ।

- गाउँपालिकाले गठन गर्ने उपभोक्ता समिति, विषयगत समिति तथा कार्यदलमा महिला तथा लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व रहेको ।
- महिला विरुद्ध हुने सवै प्रकारका हिंसा विरुद्धका कार्यक्रमका लागि बजेट विनियोजन गरेको ।
- गाउँपालिका भित्रको सरकारी विद्यालयहरूमा छात्रा तथा महिला मैत्री शौचालय ।
- सुत्केरी तथा गर्भवती महिलालाई पोषण युक्त कार्यक्रम ।
- गरिब तथा विपन्न परिवारका बालबालिकालाई निशुल्क झोला, पुस्तक तथा पोशाक वितरण तथा दिवा खाजाको वयवस्थापन ।

स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा आएको ।

## सुधार गर्नुपर्ने

- महादेवा गाउँपालिका निर्माण भएका नीति, निर्देशिका, कार्यविधिहरूको लैससास दृष्टिकोणले पुनरावलोकन गर्ने र नयाँ बन्ने नीति, कार्यविधि तथा निर्देशिकालाई लैससास मैत्री बनाउन लैससास कार्यान्वयन समिति सक्रिय हुनुपर्ने ।
- पदाधिकारी तथा कर्मचारीहरूले समावेशी विकास तथा लैङ्गिक हिंसा निवारण सम्वन्धी तालीम नलिएको ।
- लैससास हेर्ने छुट्टै इकाइ गठन भएको छैन ।
- संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ मा उल्लेख भए अनुरुपका प्रतिबद्धता कार्यान्वयन गर्न रकम विनियोजन गरी कार्यक्रम सञ्चालन भएको छैन ।
- योजना तथा बजेट तर्जुमा प्रकृयामा महिला तथा लक्षीत वर्गको अर्थपूर्ण सहभागिता गराई त्यस वर्गको व्यवहारिक तथा रणनीतिक आवश्यकताको आधारमा योजना तथा कार्यक्रमको छनौट गर्ने ।
- महिला तथा बालबलिका शाखामा दक्ष र यथष्ट जनशक्ति हुनुपर्ने ।
- समिति, उपसमिति तथा कार्यदलमा प्रतिनिधित्व गर्ने महिला तथा लक्षित वर्गको क्षमता विकास गरी अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्नु पर्ने ।
- गाउँपालिकाको सबै संरचनाहरू अपाङ्गता मैत्री, महिला तथा बाल मैत्री बनाउनु पर्ने ।
- लैससासको लागि आवश्यक खण्डिकृत तथ्यांक सङ्कलन र अभिलेखिकरण गर्नुपर्ने ।

- महिला हिंसा, घरेलु हिंसा निवारण तथा महिलाको नेतृत्व तहमा सक्रिय तथा अर्थपूर्ण सहभागिताको लागि रणनैतिक कार्यक्रम लागु गर्नु पर्ने ।
- महिला तथा लक्षित वर्गको आर्थिक तथा सामाजिक सशक्तीकरण सम्बन्धी कार्यक्रमहरू गर्नुपर्ने ।
- बेरोजगार युवाहरूको पहिचान गरी स्वरोजगार कार्यक्रम मार्फत रोजगारी उपलव्ध गराउनुपर्ने ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा महिला तथा सबै लक्षित वर्गको सहभागिता गर्नुपर्ने ।
- गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन प्रणालीलाई लैससास मैत्री बनाउनु पर्ने ।
- गाउँपालिकाको सम्पूर्ण संरचनागत प्रणालीमा सबै वर्ग, लिङ्ग, क्षेत्र, जातजाति र समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित हुन नसक्नु ।
- स्थानीय तहले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुहका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति हुने नगरेको ।
- स्थानीय तहले महिला लगायत लक्षित समुदायलाई लक्षित गरी परंपरागत तथा आधुनीक उर्जा, सुधारिएको चुलो, आदिको प्रयोग गर्न प्रोत्साहन गर्ने आयोजनाहरू सञ्चालन नभएको ।
- प्रजनन् स्वास्थ्य सम्वन्धी वार्षिक नीति र कार्यक्रममा गर्भवती महिलालाई जोखिमयुक्त तथा खतरायुक्त काममा नलगाउने व्यवस्था गरी सोको कार्यन्वयन गरेको छैन ।

महिला हकहित र अधिकार सम्वन्धी बेइजिङ घोषणापत्रले समेटेका १२ प्रतिवद्धताका वारेमा पदाधिकारी तथा कर्मचारीहरूलाई अभिमूखीकरण नगरिएको ।

**अवसरहरू**

- गाउँपालिकालाई आफ्नो आवश्यकता अनुसार सङ्घीय तथा प्रदेशको कानून सँग नबाझिने गरी नीति, निर्देशिका तथा कार्यविधि निर्माण तथा कार्यान्वयनको अधिकार ।
- लैससासलाई प्रवर्द्धन र प्रोत्साहन गर्न संवैधानिक प्रावधान, स्थानीय सरकार सञ्चालन ऐन र राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरू ।

- गाउँपालिकाको बजेट सिमा निर्धारण समितिलाई लैससासको क्षेत्रमा आवश्यकता अनुसार बजेट विनियोजन गर्ने अधिकार हुनु ।

महिला पूरुष यौनिक अल्पसंख्यक तथा आप्रवासी र रैथाने कामदार विच श्रमको ज्यालामा विभेद गर्ने ऐन कानुनको व्यवस्था गरी लागु गर्न सक्ने ।

**चुनौतीहरू**

- सामाजिक चालचलन र कुरीति परिवर्तनमा सकारात्मक सुधार नहुनु ।
- विभिन्न लिङ्ग, वर्ग र जातजाति बीच व्यवहारगत विभेद हुनु ।
- ऐन, नीति तथा कानूनको व्यवहारिक कार्यान्वयन नहुँदा यथास्थितिवादि सोचमा अपेक्षाकृत परिवर्तन नहुनु ।
- प्रदेश तथा संघीय सरकारका नीति कानूनहरू लैससास कार्यान्वयनमा पूर्ण सहयोगी हुन नसक्नु ।
- स्थानीय भाषामा कार्यसम्पादन नहुनु ।

## परिच्छेद — तीनः महादेवा गाउँपालिकाको लैससास रणनीति

### ३.१ नाम

यस रणनीतिको नाम "महादेवा गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरण रणनीति २०८०" रहनेछ ।

### ३.२ प्रारम्भ

यो रणनीति महादेवा गाउँ कार्यपालिकाले स्विकृत गरेको मिति देखि लागु हुनेछ ।

### ३.३ लैससास परिभाषाका मुख्य शव्दावलीहरू

क) **"गाउँपालिका"** भन्नाले महादेवा गाउँपालिका सम्झिनु पर्छ ।

ख) **"लैङ्गिक समानता"** भन्नाले महिला र पुरुष वीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ ।

ग) **"सामाजिक समावेशीकरण** भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिबी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समुहहरूलाई विकास निर्माण र कार्यसम्पादन प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ ।

घ) **"लैससास"** भन्नालै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बुझ्नुपर्दछ ।

ङ) **"योजना"** भन्नाले समग्र विकास निर्माण सम्बन्धि कार्यको लागि तयार गरिएको गाउँपालिकाको आवधिक विकास योजना, वार्षिक विकास योजना, विषयगत क्षेत्रगत गुरुयोजना, रणनीतिक योजना आदि सम्झनु पर्छ ।

च) **"लैङ्गिक समानता तथा सामाजिक समावेशी बजेट"** भन्नाले महिला, विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका ब्यक्ति, बालबालीका तथा ज्येष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामुलक ढंगले सम्बोधन गदै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ । सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ ।

छ) **"गैरसरकारी संस्था"** भन्नाले प्रचलित कानून वमोजिम स्थापना भएका स्थानीय तहको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ ।

ज) **"स्थानीयकरण"** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाउँ विशेषको परिस्थिति वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एबं अधिकतम उपयोग गर्ने प्रक्रियालाई सम्झनु पर्दछ ।

झ) **"बञ्चित समुह"** भन्नाले परम्परागत रुपमा लामो समय देखि जातीय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक एवम भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी, जनजाती, मधेसी, मुस्लिम, अपाङ्ग, ज्येष्ठ नागरिक एवम् दुर्गम क्षेत्रमा बसोवास गर्ने जनता सम्झनु पर्दछ ।

ञ) **"सिमान्तीकृत"** भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि परेका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सिमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

ट) **"लैङ्गिक समता"** भन्नाले अवसर र न्यायबाट वञ्चित महिला पुरुष वा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूहलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने बिशेष प्रयासलाई सम्झनु पर्छ ।

ठ) **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण"** भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरू बीचको असमान शक्ति सम्वन्धहरूलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरूका लागि समान अधिकार, अवसर एवम् सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्छ।

ड) **"लक्षित समूह"** भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूह तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू, सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू तथा पिछडा वर्ग एवम नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम समुदाय सम्झनु पर्छ ।

ढ) **"लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट"** भन्नाले स्थानीय सरकारको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूह, अपांगता भएका व्यक्ति, बालबालिका तथा

ज्येष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ । लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलव्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्छ ।

ण) **"लैङ्गिक मूलप्रवाहीकरण"** भन्नाले कुनै पनि योजनावद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरूलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।

त) **"लैङ्गिक उत्तरदायी बजेट"** भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ ।

थ) **"सामाजिक वञ्चितीकरणमा परेका समूहहरू"** भन्नाले महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूह, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका नागरिकलाई बुझाउंदछ ।

द) **"लैङ्गिक प्रभाव विश्लेषण"** भन्नाले नीति तथा अभ्यासहरूको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनावाट महिला एवम पुरुष कति लाभान्वीत भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ ।

ध) **"सशक्तीकरण"** भन्नाले विकासका अवसरहरूवाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका, अशक्त वा कमजोर वर्गलाई सूचना, पहुँच, क्षमता, र आवाजका हिसाबले सशक्त र सवल बनाउने कार्यलाई सम्झनु पर्दछ ।

## ३.४ दीर्घकालीन सोच

" लैङ्गिक समानता तथा सामाजिक समावेशीमा प्रतिबद्दता, समाबेसी पालिका निर्माणमा आवद्धता"

## ३.५ लक्ष्य

महिला तथा वञ्चितिकरणमा परेका वर्गको राज्यका निकायहरूमा मुलप्रवाहीकरण, आन्तरिकीकरण, सशक्तीकरण र संस्थागत सुदृढीकरण गर्दै लैङ्गिक समानता तथा समावेशी विकासको माध्यमद्वारा लैङ्गिक तथा सामाजिक सम्बन्धमा सुधार ल्याई महिला, यौनिक तथा लैंगिक अल्पसंख्यक र सबै बञ्चितिकरणमा परेका व्यक्ति तथा समूहहरूको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्ने ।

## ३.६ उद्देश्यहरू

१. समाजमा वञ्चितिकरणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जातजाती र समुदायको पहिचान गरी समाबेसी विकासको मूलप्रवाहमा पहुँच सुनिश्चित गर्नु ।

२. बालश्रम, बाल बिबाह, बाल योन शोषण लगायत बालबालिका माथि हुने सबै प्रकारका विभेद र शोषणको अन्त्य गर्नु ।

३. लैङ्गिक विभेद, लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक असमानता तथा जातीय छुवाछुत, बोक्सी प्रथा लगायतका गलत सामाजिक अभ्यास र कुरीति अन्त्य गर्नु ।

४. लैससासमैत्री कार्यप्रणाली र लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनमा ल्याउनु ।

५. अति विपन्न तथा पछाडी परेका वर्ग समूहको आर्थिक सशक्तिकरण गर्नु ।

## ३.७ लैससास मूलप्रवाहिकरणको सिद्धान्त

देहायका सिद्धान्तका आधारमा लैससास रणनीतिक योजना तर्जुमा गरिएको छ ।

१. विभेदरहित (**Nondiscrimination**): यो रणनीति कार्यान्वयनका सिलशिलामा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक, पिछडिएका क्षेत्र तथा समुदाय, जातजाती, आर्थिक, सामाजिक अवस्था वा अन्य कुनैपनि आधारमा भेदभाव गरिने छैन ।

२. सारभूतसमानता (**substantive equality):** यो रणनीतिले लैङ्गिक समानताको सवालमा सारभूत समानता जस्तै भूमिका, उत्तरदायित्व, अधिकार र परिणाममा समानताको सिद्धान्तलाई आत्मसात गरेको छ ।

३. कोही पछाडि नछुटुन् (**leave no one behind):** यस रणनीतिले दिगो विकास लक्ष्य अनुसार कोही पनि पछाडि नछुटुन् भन्ने अवधारणलाई अवलम्बन गरेको छ ।

४. प्रभावकारी सहभागिता (**Meaningful Participation):** यो रणनीतिले गाउँपालिकाको हरेक विकास कार्यक्रममा सबै लिङ्ग, वर्ग, जातजाती, क्षेत्र तथा समुदायको समावेशी समानुपातिक आधारमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरेको छ ।

५. उत्तरदायित्व तथा जवाफदेहिता: यो रणनीतिक योजना कार्यान्वयनको क्रममा आउन सक्ने हरेक अवस्थामा गाउँपालिकाका प्रतिनिधि तथा कर्मचारीहरू सम्बन्धित क्षेत्रका जनतासँग जवाफदेही हुनुपर्ने कुरालाई अङ्गीकार गरेको छ ।

६. साझेदारीता र सहकार्य: यो रणनीतिको सफल र प्रभावकारी कार्यान्वयनका लागि लैससास क्षेत्रमा कार्यरत सरोकारवालाहरूसँग समन्वय, साझेदारीता र सहकार्यलाई प्राथमिकतामा राखिएको छ ।

७. शून्य सहनशीलता **(Zero Tolerance):** यो रणनीतिले गाउँपालिकाभित्र हुने लैङ्गिक तथा सबै प्रकारका विभेद र हिंसाका घटनाहरूमा शून्य सहनशिलताको नीति अङ्गीकार गरेको छ ।

८. कसैलाई पनि हानी नपुऱ्याउने (**Do No Harm**)ः यस रणनीतिले कसैलाई पनि हानी वा क्षति नपुऱ्याउने सिद्धान्त अवलम्बन गरेको छ ।

## ३.८ लैससासका मूल्य मान्यताहरू

महादेवा गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा निम्न मुल्य मान्यताहरूलाई आत्मसात गरिनेछ ।

क) समाजमा विद्यमान सबै प्रकारका विभेद तथा लैङ्गिक हिंसा बिरुद्ध शुन्य सहनशिलता अवलम्बन

ख) समतामा आधारित न्यायमा पहुँच सुनिश्चितता र न्यायोचित बितरण प्रणाली व्यवस्थापन

ग) सकारात्मक सोचको विकास र लैससासमैत्री व्यवहार अवलम्बन

घ) समावेशी सहभागितामुलक तथा अर्थपुर्ण सहभागिता

ङ) पिडित तथा प्रभावित र असाहयहरूको संरक्षण प्रणाली व्यवस्थापन

च) साझेदारी र सहकार्यद्वारा बिकास ।

## ३.९ नीति तथा रणनीतिहरू

गाउँपालिकाको लैससास रणनीतिमा व्यवस्था गरिएको प्रमुख रणनीति तथा कार्यनीतिहरूः

तालिका २ः महादेवा गाउँपालिकाका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य नं. १ः समाजमा वञ्चितिकरणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जातजाती र समुदायको पहिचान भई विकासको मूलप्रवाहमा पहुँच सुनिश्चित गर्नु ।** | |
| १.१ः गाउँपालिकामा तर्जुमा भएका लैससास सम्बन्धी नीति,कानून, निर्देशिका, | १. लैससासको अवधारणा हासिल गर्न महादेवा गाउँपालिकामा तर्जुमा भएका नीति,कानून, निर्देशिका, आवधिक योजना, तथा मापदण्डहरूको पुनरावलोकन, संशोधनका साथै लैससास सम्बन्धी आवश्यक कार्यविधिहरू |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| आवधिक योजना, तथा मापदण्डहरूको पुनरावलोकन, संशोधनका साथै आवश्यक कार्यविधिहरू तर्जुमा गर्ने | तर्जुमा गरिनेछ ।<br>२. संघ तथा प्रदेशका नीति,कानून, निर्देशिका, कार्यविधि तथा मापदण्डहरूको अध्ययन गरी गाउँपालिकाको बस्तुस्थिति सुहाउँदो नीति निर्माण गरी कार्यान्वयन गरिनेछ । |
| **१.२ः** लक्षित समूह पहिचान सहितको खण्डिकृत तथ्याङ्क सङ्कलन तथा नियमित अद्यावधिक गर्ने । | ३. वडा तहमा खण्डिकृत तथ्याङ्क नियमित अद्यावधिक गरी लक्षित वर्ग तथा समूहको पहिचान र प्राथमिकिकरण गरिनेछ ।<br>४. खण्डिकृत तथ्याङ्क सङ्कलनका लागि आवश्यक मानवस्रोत तथा बजेटको व्यवस्थापन गरिनेछ । |
| **१.३ः** महिला, एकल महिला बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, विपन्न एंव पछाडि परेका वर्ग, समुदायको आर्थिक सामाजिक सशक्तिकरण गर्ने । | १. बिपन्न एवम् बञ्चित समुदायको आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धी बार्षिक कार्यक्रम तथा बजेट सुनिश्चित गरिनेछ ।<br>२. गाउँपालिका क्षेत्रभित्र रहेका महिला, एकल महिला, अपाङ्ग, लगायत वञ्चित समूहलाई विशेष प्राथमिकताको आधारमा उद्यमशिलता मार्फत स्वरोजगार बनाई उनीहरूको जिविकोपार्जनमा सुधार गरिनेछ ।<br>३. गाउँपालिका क्षेत्रमा रहेका आदिवासी जनजाति तथा दलित वर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाहरूको परिमार्जन तथा पुनःस्थापना, व्यवस्थापन र सुधार गरिनेछ ।<br>४. गाउँपालिकाको योजना तर्जुमा गर्दा बिपन्न एवम् सामाजिक रुपले पछाडी परेका बिपन्न र बञ्चित समुदायको सहभागिता बढाउन जनचेतना तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । |
| **१.३ः** निर्णायक तहमा लैंङ्गिक तथा सामाजिक समावेशी हिसावले अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने । | १. गाउँपालिकाको हाल निर्णायक भूमिकामा रहेका महिला, दलित तथा बञ्चित समुदायका व्यक्तिहरूको नेतृत्व विकास सम्वन्धी क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>२. लक्षित समूहका मानिसहरूलाई निर्णायक भूमिका बहन गर्न सक्ने क्षमताको विकास गर्न नेतृत्व विकास तथा क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. स्थानीय स्तरमा संचालित योजना तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि गठित विभिन्न समिति तथा उपसमितिहरू र टोल विकास संस्थाका कार्यकारी पदमा महिला, दलित तथा वञ्चित वर्गका व्यक्तिहरूको सक्रिय प्रतिनिधित्व बढाउन क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. टोल, वडा हुंदै गाउँपालिका तहका संरचनाहरूमा लैङ्गिक तथा समावेशी सहभागिता सुनिश्चित गर्न गाउँपालिकाले कार्यविधि बनाई लागु गरिनेछ । |
| **उद्देश्य नं. २ः बालश्रम, बाल बिबाह, बाल यौन शोषण लागायत बालबालिका माथि हुने सबै प्रकारका विभेद र शोषणको अन्त्य भएको गर्नु ।** | |
| **२.१ः** बालश्रम अन्त्य भएको गाउँपालिका घोषणा गर्ने । | १. बालश्रम बिरुद्ध आवधिक कार्ययोजना बनाई लागु गरिनेछ ।<br>२. टोलबस्ती र वडा तहदेखि बालश्रमको तथ्याङ्क सङ्कलन र नियमित अद्यावधिक गरिनेछ।<br>३. बालश्रम बिरुद्ध सामाजिक जागरणका अभियान टोलबस्ती सम्म व्यापक बनाइनेछ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ४. बाल श्रम बिरुद्ध जनचेतना अभिवृद्धिका लागि योजना तथा बजेट सुनिश्चित गरिनेछ।<br>५. अति बिपन्न तथा पछाडी परेका परिवारहरूको जिविकोपार्जनमा सुधार गर्न आयआर्जन सम्बन्धी योजना तथा कार्यक्रममा बजेट सुनिश्चित गरिनेछ । |
| २.२: बाल बिबाह अन्त्य भएको गाउँपालिका घोषणा गर्ने । | १. बाल बिबाह बिरुद्ध गाउँपालिकाले निर्माण गरेको रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>२. सरोकारवाला बिच समन्वय र सहकार्य बिस्तार गरी बाल बिबाह बिरुद्ध जागरण अभियान सञ्चालन गरिनेछ ।<br>३. बाल बिबाह बिरुद्ध सामाजिक बहिष्कार बढाउन र कानुनी दायरामा ल्याउन प्रेरित गर्न<br>४. कानुनी शिक्षा सम्बन्धी अभिमूखिकरण तथा अन्तरक्रिया सञ्चालन गरिनेछ । |
| २.३: सबै प्रकारका बालबालिकाहरूको संरक्षण सुनिश्चित गर्ने । | १. गाउँपालिकाले निर्माण गरेको बाल संरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>२. बालबालिकको पुर्ण खोप सुनिश्चिताका लागि जनचेतनामूलक र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. सबै सार्वजनिक निकायहरूमा स्तनपान कक्ष व्यवस्थापन सम्बन्धी कार्यविधि बनाई लागु गरिनेछ ।<br>४. सबै सार्वजनिक निकायहरूमा बालमैत्री संरचना निर्माणका लागि कार्यविधि बनाई लागु गरिनेछ ।<br>५. बिद्यालय तहमा बालबालिका माथि हुने हिंसा, यौनजन्य शोषण लगायत सबै प्रकारका विभेद बिरुद्ध कानुनी साक्षरता कक्षा सञ्चालन गरिनेछ ।<br>६. बालमैत्री व्यवहार अबलम्बनका लागि सबै सरोकारवाला बिच नियमित अन्तरक्रिया तथा अभिमूकिकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य नं. ३: लैङ्गिक विभेद, लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक असमानता तथा जातीय छुवाछुत, बोक्सी प्रथा लगायतका गलत सामाजिक अभ्यास र कुरीति अन्त्य गर्नु ।** | |
| ३.१: लैङ्गिक हिंसा बिरुद्ध शुन्य सहनशिलता अबलम्बन गर्ने । | १. लैङ्गिक हिंसा मुक्त गाउँपालिका घोषणाका लागि आवधिक कार्य योजना बनाई लागु गरिनेछ ।<br>२. लैङ्गिक हिंसा बिरुद्धका अभियानहरू सञ्चालनका लागि सरोकारवाला बिच समन्वय र सहकार्य बिस्तार गरिनेछ ।<br>३. गाउँपालिकाको बार्षिक नीति तथा योजनामा लैङ्गिक हिंसा बिरुद्धका कार्यक्रम सुनिश्चित गरी निश्चित प्रतिशत बजेट बिनियोजन गरिनेछ ।<br>४. जनचेतनामूलक अभियान ब्यापक बनाउन टोलबस्ती सम्मको संरचना बनाई परिचालन गरिनेछ ।<br>५. लैङ्गिक हिंसा बिरुद्धका कानुनी प्रावधानहरूको जानकारी र प्रभावकारी कार्यान्वयनका लागि सबै वडा तहमा कानुनी साक्षरता शिक्षा नियमित सञ्चालन गरिनेछ ।<br>६. लैङ्गिक हिंसा तथा घरेलु हिंसा पिडित तथा प्रभावितहरूलाई न्यायिक उपचारको अबधीभर सुरक्षति आवासका लागि सुरक्षित आश्रयस्थलको |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | व्यवस्थापन गरिनेछ ।<br>७. लैङ्गिक हिंसा पिडितहरूको न्यायिक तथा स्वास्थ्य उपचार लगायत आर्थिक स्वावलम्बन सुनिश्चत गर्न लैङ्गिक हिंसा बिरुद्धको कोष परिचालन गरिनेछ ।<br>८. महिलाको मानसिक स्वास्थ्य समस्या समाधानका लागि परामर्श सेवा सञ्चालन गरिनेछ ।<br>९. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ मा भएका प्रावधानहरूको बारेमा गाउँपालिकाका जनप्रतिनिधि लगायत कर्मचारी तहमा व्यापक जानकारी गराई यौनजन्य दुव्र्यवहार विरुद्ध शून्य सहनशीलता अपनाउन अभिप्रेरीत गरिनेछ । |
| **३.२:** सबै प्रकारका विभेदकारी मुल्यमान्यता बिरुद्ध वकालत क्षमता बृद्धि गर्ने । | १. समुदायस्तरमा प्रचलित कुरीति र कुसंस्कार अन्त्य गर्ने खालका सृजनात्मक कार्यक्रमहरू जस्तै: जातीय विभेद, सामाजिक विभेद, लैंङ्गिक विभेद विरुद्ध प्रतिकारात्मक क्षमता बढाउन समुदाय तहमा कानूनी शिक्षा र जनचेतनामूलक अभियान सञ्चालन गरिनेछ । |
| **उद्देश्य नं. ४: लैससासमैत्री कार्यप्रणाली र लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनमा ल्याउनु ।** | |
| ४.१: लैससास सम्बन्धी राष्ट्रिय कानुन तथा नीति र अन्तराष्ट्रिय प्रावधानहरूको स्थानीयकरण गर्ने । | १. लैससास सम्बन्धी राष्ट्रीय नीति तथा कानुन र अन्तराष्टि प्रावधान अनुरुप स्थानीय कानुन तथा र कार्यविधि बनाई लागु गरिनेछ ।<br>२. नेपाल सरकारले प्रतिवद्धता जनाएका महिला, बालबालिका र मानवअधिकार सम्वन्धि अन्तर्राष्ट्रिय कानून, सन्धी, महासन्धी र सम्झौताहरूको वारेमा गाउँपालिकाका जनप्रतिनिधि, टोल विकास संस्थाका पदाधिकारी लगायत कर्मचारीहरूमा व्यापक जानकारी गराइनेछ ।<br>३. महिला, बालबालिका र मानवअधिकार सम्वन्धी निर्माण गरिएका राष्ट्रिय कानूनहरू र नेपाल सरकारद्धारा विभिन्न समयमा प्रतिबद्धता जनाएका मानवअधिकार लगायतका अन्तराष्ट्रिय सन्धी, महासन्धी र घोषणापत्रका बारेमा वडा तथा समुदाय तहमा व्यापक जानकारीको लागि सचेतनामुलक अभियानका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४. दिगो विकास एजेण्डा, २०३० मा व्यवस्था भएका १७ वटा लक्ष्यहरू र उक्त लक्ष्य अन्तर्गतका सूचकहरू साथै दिगो विकास लक्ष्य नं. ५ ले निर्दिष्ट गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका बारेमा गाउँकार्यपालिका साथै वडा तहसम्म जानकारी गराई सोही आधारमा बार्षिक नीति तथा कार्यक्रम र बजेटको विनियोजनमा प्राथमिकता दिइनेछ ।<br>५. शान्ति निर्माण प्रक्रियामा महिला सहभागिता अभिवृद्धि र द्धन्द्ध र द्धन्द्ध पश्चात हुने हिंसाबाट प्रभावितहरूको सुरक्षा सम्वन्धमा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदबाट पारित गरिएको प्रस्ताव नं. १३२५ र १८२० सम्वन्धी विषयमा जनप्रतिनिधि लगायत सबै कर्मचारीहरू र समुदायस्तरमा अभिमूखीकरण गर्ने साथै सूचना तथा संचार सामाग्री मार्फत प्रचार प्रसारमा ल्याई जानकारी गराइनेछ ।<br>६. |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| ४.२: लैंससास मैत्री संयन्त्र र सेवा प्रवाह सुनिश्चित गर्ने । | १. गाउँपालिकामा लैङ्गिक समानता तथा समावेशी विकासका लागि सरोकारवाला बीच सञ्जाल गठन गरी नियमित कार्य गरिनेछ ।<br>२. लैससास इकाई/शाखा स्थापना गरिनेछ ।<br>३. गाउँपालिकाको लैससास इकाई/शाखामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा काम गर्नका लागि लैङ्गिक सम्पर्क व्यक्ति नियुक्त गरिनेछ ।<br>४. गाउँपालिकामा गठन गरिने विभिन्न समिति तथा उपसमितिहरूमा नेपाल सरकारको नीति अनुरुप लैङ्गिक समावेशी तथा समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ ।<br>५. गाउँपालिकाका सबै संयन्त्रहरू र गाउँपालिका भित्रका सबै सरकारी निकाय तथा संघसंस्थाहरूमा लैंङ्गिक तथा अपाङ्गमैत्री शौचालय, स्तनपान कक्ष, गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था सुनिश्चित गरिनेछ ।<br>६. गाउँपालिका, वडा कार्यालय र यस क्षेत्र अन्तर्गतका प्रत्येक सरकारी, गैरसरकारी संस्थाबाट संचालित योजना तथा कार्यक्रमको लैंङ्गिक तथा सामाजिक समावेशी परीक्षण गरिनेछ ।<br>७. गाउँपालिका क्षेत्रमा गठित उपभोक्ता समिति, टोल विकास गरिनेछ ।<br>८. संस्था जस्ता समुह गठन गर्दा लक्षित समुदायहरूको समावेशी सहभागिता सुनिश्चित गराउनुका साथै समूहमा नयाँ सदस्यको प्रवेश प्रक्रिया सरल र सहज बनाइनेछ ।<br>९. गाउँपालिका लगायत यस क्षेत्रभित्र कार्यरत सेवाप्रदायक संस्थाहरूबाट संचालित योजना तथा कार्यक्रमहरूको बार्षिक वा आवधिक सार्वजनिक सुनुवाई र सार्वजनिक लेखा परीक्षण गर्ने कार्यलाई संस्थागत गरिनेछ ।<br>१०.गाउँपालिकाका सबै वडाहरूका बस्तीहरूमा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, वञ्चित तथा दलित वर्गको अर्थपूर्ण लैंङ्गिक तथा समावेशी सहभागिता सुनिश्चित गर्दै टोल विकास संस्था गठन गरी परिचालन गरिनेछ ।<br>११.महिला, बालबालिका, अपाङ्ग, ज्येष्ठ नागरिक, दलित लगायतका वञ्चित वर्गको गाउँपालिकामा प्रत्यक्ष पहुँचका लागि उनीहरूको सञ्जाल निर्माण गरी परिचालन गरिनेछ ।<br>१२.गाउँपालिकाका सबै किसिमका सेवा प्रवाह प्रक्रियामा लैङ्गिक सम्वेदनशील कार्य प्रणाली अवलम्वन गरिनेछ । |
| **उद्देश्य नं. ५: अति विपन्न एंव पछाडि परेका वर्ग, समुदायको आर्थिक सशक्तिकरण गर्नु ।** | |
| ५.१: आयआर्जन तथा स्वरोजगार मार्फत जिविकोपार्जनमा सुधार ल्याउने । | १. गाउँपालिका क्षेत्रभित्र रहेका महिला, एकल महिला, अपाङ्ग, लगायत बिपन्न तथा वञ्चित समूहका लागि सिपमूलक कार्यक्रम र आवश्यक प्रविधि उपलब्ध गराइनेछ।<br>२. गाउँपालिका क्षेत्रमा रहेका आदिवासी जनजाति तथा दलित वर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाहरूको परिमार्जन तथा पुनःस्थापना र सुधार गरिनेछ ।<br>३. बिपन्न एवम् बञ्चित समुदायलाई स्थानीय स्रोत तथा सेवामा आधारीत |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | व्यवसाय तर्फ आकर्षित गर्न बार्षिक कार्यक्रम तथा बजेट सुनिश्चित गरिनेछ ।<br>४. गाउँपालिकाको योजना तर्जुमा गर्दा बिपन्न एवम् सामाजिक रुपले पछाडी परेका बिपन्न र बञ्चित समुदायको सहभागिता बढाउन क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. आम गृहणी महिलाहरूलाई उत्पादनमूलक कार्यमा सरिक गराउन गृहणी महिला उत्थान कार्यक्रम सञ्चालन गरिनेछ ।<br>६. रोजगारीमा लक्षित समूहको पहुँच बढाउन लक्षित समूह केन्द्रित लोकसेवा तयारी कक्षा सञ्चालन गरिनेछ । |

## ३.१० वार्षिक कार्ययोजना

### तालिका ३: लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागि कार्ययोजना

| रणनीतिक उद्देश्यहरू | प्रमुख क्रियाकलापहरू (कति पटक वा कतिवटा) | लागत रकम हजारमा | समयावधि (कहिले गर्ने महिना वा साल) | लक्षित समुह (कार्यक्रम वा क्रियाकलाप हरू कसको लागि गर्ने) | जिम्मेवारी (कसले गर्ने, नेतृत्व कसले लिने) |
|---|---|---|---|---|---|
| लैससासको अवधारणा हासिल गर्न महादेवा गाउँपालिकामा तर्जुमा भएका नीति,कानून, निर्देशिका, आवधिक योजना, तथा मापदण्डहरूको पुनरावलोकन, संशोधनका साथै लैससास सम्बन्धी आवश्यक कार्यविधिहरू तर्जुमा गरिने छ । | • लैससासलाई संस्थागत गर्न आवश्यक कानून, नियमावली, कार्यविधि तथा मापदण्डहरू तर्जुमा गर्ने । | २०० | आ.व ०८०/०८१ सम्म | गाउँपालिकाको सबैको लागि | लैससास कार्यान्वयन समिति |
| | • ऐन, कानून, नीति, कार्यविधिको मस्यौदा तयार गर्न कार्यटोली गठन गरी क्षमता विकास गर्ने । | ३०० | आ.व ०८०/०८१ | पदाधिकारी तथा कर्मचारी | लैससास कार्यान्वयन समिति |
| | • गाउँपालिकाको विद्यमान ऐन, नीति, कार्यविधि, आवधिक योजना तथा मापदण्डहरूको लैससास दृष्टिकोणले पुनरावलोकन र आवश्यकता अनुरुप संशोधन गर्ने । | २०० | आ.व ०८०/०८१ बाट सुरुवात गर्ने | गाउँपालिकाको सबैको लागि | लैससास कार्यान्वयन समिति |
| | • गाउँपालिकाले लैससास कार्यान्वयन समिति तथा वडा तहमा वडा स्तरीय समिति गठन गरी ती समितिहरूको जिम्मेवारी तथा अधिकारहरू स्पष्टसंग निर्क्योल गरी | १५० | आ.व ०८०/०८१ | गाउँपालिकाको सबैको लागि | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |

| रणनीतिक उद्देश्यहरू | प्रमुख क्रियाकलापहरू (कति पटक वा कतिवटा) | लागत रकम हजारमा | समयावधि (कहिले गर्ने महिना वा साल) | लक्षित समुह (कार्यक्रम वा क्रियाकलाप हरू कसको लागि गर्ने) | जिम्मेवारी (कसले गर्ने, नेतृत्व कसले लिने) |
|---|---|---|---|---|---|
| | परिचालन गरिने छ । | | | | |
| | • महादेवामा कुनै पनि ऐन, नीति, निर्देशिका, कार्यविधि संकलन गर्दा महिला तथा लक्षित वर्गको सुझाव संकलन गर्न व्यवस्था गर्ने । | २०० | आ.व ०८०/०८१ देखि | गा.पा. सबै | लैससास कार्यान्वयन समिति |
| | • महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाई प्रत्यक्ष फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत बजेट विनियोन गर्ने । | ३०० | आ.व ०८०/०८१ देखि निरन्तर | महिला तथा पिछडीएका वर्गका लागि | बजेट सिमा निर्धारण समिति |
| | • गाउँपालिकाले तयार गर्ने नीति, कानून, योजना तथा बजेटमा महिला तथा लक्षित वर्गको आवश्कता पहिचान गरी ती आवश्यकताहरूलाई सुनिश्चितताका साथ संम्बोधन गरिने छ । | २०० | आ.व ०८०/०८१ देखि निरन्तर | महिला तथा लक्षित बर्ग | लैससास कार्यान्वयन समिति |
| गाउँपालिकाको नीति निर्माण, योजना तर्जुमा, बजेट तर्जुमा तथा समग्र विकास प्रकृयामा महिला तथा लक्षित वर्गको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्न सो वर्गको क्षमता विकास गरिने छ । | • आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक समानता तथा समावेशी विकासका लागि नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गर्ने । | ३०० | आ.ब २०८०/८१ देखि | महिला तथा लक्षित वर्ग | योजना शाखा र महिला/ बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • महिला तथा लक्षित बर्गलाई आफ्नो हक अधिकार, पैरवी तथा नेतृत्व विकास सम्बन्धी तालिम दिने । | २०० | ०८०/०८१ देखी निरन्तर | महिला तथा लक्षित बर्ग | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा /प्रशासन शाखा |
| | • बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पुर्व | १५० | आ.ब ०८०/०८१ | महिला तथा लक्षित वर्ग | महिला, बालबालिका |

| रणनीतिक उद्देश्यहरू | प्रमुख क्रियाकलापहरू (कति पटक वा कतिवटा) | लागत रकम हजारमा | समयावधि (कहिले गर्ने महिना वा साल) | लक्षित समुह (कार्यक्रम वा क्रियाकलाप हरू कसको लागि गर्ने) | जिम्मेवारी (कसले गर्ने, नेतृत्व कसले लिने) |
|---|---|---|---|---|---|
| | समुदायका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जनजाति, पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छुट्टा छुट्टै छलफल गरी आवश्यकता पहिचानको आधारमा योजना छनौट गर्ने । | | देखी निरन्तर | | तथा जेष्ठ नागरीक शाखा /योजना शाखा |
| | • गाउँपालिकाको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागिता गराई लक्षित समुहले छनौट गरेका योजनालाई प्राथमिकतामा राख्ने । | २०० | आ.ब ०८०/०८१ देखी निरन्तर | महिला तथा लक्षित वर्ग | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा/योजना शाखा |
| | • गाउँपालिकास्तर, वडा स्तर तथा समुदायस्तरमा गठन गरिने विभिन्न संजाल, समुह तथा समितिहरूमा महिला तथा लक्षित समुदायको ४०% प्रतिनिधित्व हुने व्यवस्था गर्ने । | ३०० | आ.व २०८०/८१ देखी निरन्तर | महिला तथा लक्षित वर्ग | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • समिति, उपसमिति तथा कार्यदलमा सहभागी महिला तथा लक्षित वर्गका प्रतिनिधिलाई योजना व्यवस्थापन तथा वित्तीय व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्ने । | २०० | आ.व ०८०/०८१ देखि | महिला तथा लक्षित बर्गका प्रतिनिधीहरू | योजना शाखा/ प्रशासन शाखा |
| | • लैससाको विषयलाई अगुवाई गर्न र सम्पर्क व्यक्तिको रुपमा काम गर्न लैससासको स्रोत व्यक्तिहरू विकास गर्दै जाने । | २०० | आ.व ०८०/०८१ देखि | गाउँपालिकाका सबै | प्रशासन शाखा महिला/ बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • लैससास सम्बन्धी बिस्तृत | ३०० | आ.व | गाउँपालिकाका | प्रशासन |

| रणनीतिक उद्देश्यहरू | प्रमुख क्रियाकलापहरू (कति पटक वा कतिवटा) | लागत रकम हजारमा | समयावधि (कहिले गर्ने महिना वा साल) | लक्षित समुह (कार्यक्रम वा क्रियाकलाप हरू कसको लागि गर्ने) | जिम्मेवारी (कसले गर्ने, नेतृत्व कसले लिने) |
|---|---|---|---|---|---|
| | खण्डकृत तथ्याङ्क तयार गर्ने र नियमित अध्यावधिक गर्ने । | | २०८०/८१ सम्म | सबै | शाखा/ पञ्जिकरण शाखा |
| | • महादेवाका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने कर्मचारी भर्ना नियमावली तयार गरी कार्यान्वयन गर्ने । | २०० | आ.व २०८०/८१ सम्म | महिला तथा पिछाडिएका वर्ग | प्रशासन शाखा |
| | • गाउँपालिकाको योजना तर्जुमा तथा छनोट भएका योजनाको जानकारी लक्षित वर्ग सम्म पुऱ्याउन स्थानीय सञ्चारका माध्यमवाट सम्प्रेषण गर्ने । | ३०० | निरन्तर | महिला तथा पिछाडिएका वर्ग | सुचना प्रबिधि शाखा |
| लैङ्गिक समानता तथा सामाजिक समावेशी परीक्षण र लैङ्गिक उत्तदायी बजेट मार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरूमा महिला तथा पिछडीएका वर्गको अर्थपूर्ण सहभागिता सुनुश्चित गरिनेछ | • गाउँपालिकाले लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण कार्यविधि वनाई कार्यन्वयन गर्ने । | २०० | आ.व २०८०/८१ | महिला तथा पिछडिएका वर्ग | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • अघिल्लो आर्थिक बर्षको बजेट तथा कार्यक्रमलाई चालु आ.ब पहिलो चौमासीक भित्रमा लैससास दृष्टिकोणले परीक्षण गरिने छ । | २०० | आ.व २०८०/८१ देखी निरन्तर | गा.पा सबै | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • लैङ्गिक उत्तरदायी बजेट तथा योजनालाई गाउँपालिकाले आन्तरिकिकरण गरी यसको प्रभावकारी कार्यान्वयनको लागि कर्मचारी तथा पदाधिकारीहरूको क्षमता विकास गर्ने । | १०० | आ.व २०८०/८१ देखी निरन्तर | गा.पा सबै | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |

| रणनीतिक उद्देश्यहरू | प्रमुख क्रियाकलापहरू (कति पटक वा कतिवटा) | लागत रकम हजारमा | समयावधि (कहिले गर्ने महिना वा साल) | लक्षित समुह (कार्यक्रम वा क्रियाकलाप हरू कसको लागि गर्ने) | जिम्मेवारी (कसले गर्ने, नेतृत्व कसले लिने) |
|---|---|---|---|---|---|
| | • गाउँपालिकाको योजना शाखाका कर्मचारी तथा लैससास क्षेत्रका सरोकारवालाई लैङ्गिक उत्तरदायी योजना छनौट तथा बजेट कार्यान्वयन विधि सम्बन्धी क्षमता विकास गरिने छ । | २०० | आ.व ०८०/०८१ देखी निरन्तर | गा.पा. सबै | प्रशासन शाखा |
| दिगो विकास र आर्थिक समृद्दिको लागि महिला तथा लक्षित वर्गको समान अवसर, नेतृत्वदायी भुमिका बृद्दि साथै समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चित गर्न आर्थिक सशक्तिकरणका गतिविधिहरू सञ्चालन गरिने छ । | • गाउँपालिका भित्रका आर्थिक अवस्था कमजोर भएका परिवार, बेरोजगार युवा, बैदेशीक रोजगारीबाट फर्किएका पुरुष तथा महिलाको पहिचान गर्ने । | ३०० | आ.व ०८०/०८१ | विपन्न तथा गरिव परिवार | पंजीकरण शाखा |
| | • लक्षित समुदायका महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा बिपन्न परिवारका परम्परागत सीप, व्यवहारीक सीप र क्षमताको अध्ययन तथा पहिचान गर्ने । | २०० | आ.व ०८०/०८१ | पिछडिएका समुदायका महिला तथा गाउँपालिकाको प्रथमिकिकरणमा परेका लक्षित बर्ग सबै | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • महिला तथा लक्षित वर्गको पहिचान भएका क्षमता तथा आवश्यकताको आधारमा सीप विकास, नेतृत्व विकास, उद्यशिलता विकास तालिम, बैङ्किङ तथा वित्तिय कारोवार सम्बन्धी शिक्षा साथै आधारभुत कानूनी क्षमता विकास गर्ने । | २०० | आ.व २०८१/८२ देखी निरन्तर | पिछडिएका समुदायका महिला तथा गाउँपालिकाको प्रथमिकिकरणमा परेका लक्षित बर्ग सबै | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • उद्यशिलता तथा व्यवसाय सञ्चालन गर्न आवश्यक रकम अनुदान तथा सहुलियत ऋण सहयोग गर्ने व्यवस्था गर्ने । | २०० | आ.व २०८२/८३ | पिछडिएका समुदायका महिला तथा गाउँपालिकाको प्राथमिकिकरणमा परेका लक्षित | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |

| रणनीतिक उद्देश्यहरू | प्रमुख क्रियाकलापहरू (कति पटक वा कतिवटा) | लागत रकम हजारमा | समयावधि (कहिले गर्ने महिना वा साल) | लक्षित समुह (कार्यक्रम वा क्रियाकलाप हरू कसको लागि गर्ने) | जिम्मेवारी (कसले गर्ने, नेतृत्व कसले लिने) |
|---|---|---|---|---|---|
| | | | | वर्ग सबै | |
| | • गाउँपालिकाको योजनामा महिला उद्यमशिलता तथा लक्षित वर्गको व्यवसाय प्रवर्द्दन गर्ने खालका कार्यक्रम तथा आवश्यक वजेटको विनियोजन गर्ने । | ३०० | आ.व ०८०/०८१ | पिछडिएका समुदायका महिला तथा गाउँपालिकाको प्रथमिकिकरणमा परेका लक्षित बर्ग सबै | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा/योजना शाखा |
| | • लक्षित वर्गलाई व्यवसायमा जोखिम न्यूनीकरणको लागि विमा व्यवस्थालाई अनिवार्य लागु गर्ने । | २०० | आ.व ०८१/०८२ देखी | पिछडिएका समुदायका महिला तथा गाउँपालिकाको प्राथमिकिकरणमा परेका लक्षित बर्ग सबै | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • व्यवसाय सञ्चालन गर्ने लक्षित समुदायका महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा बिपन्न परिवाको समुह तथा संजाल गठन गरी आफ्नो हक र आधिकरको लागि सरोकारवाला संग पैरवी गर्न क्षमता विकास गर्ने । | ३०० | आ.ब ०८३/०८४ | व्यवसाय गर्ने सबै | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • सिमान्तकृत समुदाय तथा बिपन्न परिवारका बालबालिकालाई प्राविधिक शिक्षा अध्ययनको लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने | २०० | आ.ब ०८०/०८१ | विपन्न तथा पिछडीएका समुदायका महिला | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा/प्रशासन शाखा |
| गाउँपालिकाको सेवा प्रवाह, संस्थागत व्यवस्था, अनुगमन तथा मुल्याङ्कनलाई लैससास मैत्री बनाउन कर्मचारी, पदाधिकारी, सरोकारवाला तथा नागरिक | • गाउँपालिकाले लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरी छुट्टै शिर्षकमा बजेट विनियोजन गर्ने व्यवस्था गर्ने । | ३०० | आ.व ०८०/०८१ | सबै विषयगत शाखाका कर्मचारी तथा पदाधीकारी | प्रशासन शाखा |

| रणनीतिक उद्देश्यहरू | प्रमुख क्रियाकलापहरू (कति पटक वा कतिवटा) | लागत रकम हजारमा | समयावधि (कहिले गर्ने महिना वा साल) | लक्षित समुह (कार्यक्रम वा क्रियाकलाप हरू कसको लागि गर्ने) | जिम्मेवारी (कसले गर्ने, नेतृत्व कसले लिने) |
|---|---|---|---|---|---|
| समाजहरूको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा क्षमता अभिबृद्दी गरिने छ । | • गाउँपालिका स्तरमा लैससास सम्बन्धी मास्टर प्रशिक्षक उत्पादन गरि परिचालन गर्ने । | २०० | आ.व २०८२/८३ सम्म | महिला तथा बालबालिका शाखाको कर्मचारी | प्रशासन शाखा |
| | • कार्यालयमा हुन सक्ने विभेदपूर्ण व्यवहार, भाषाको प्रयोग र कार्यलयमा हुन सक्ने हिंसा नियन्त्रणको लागि शुन्य सहनशिलताको नीति बनाउने । | ३०० | आ.व ०८०/०८१ | सबै विषयगत शाखाका कर्मचारी तथा पदाधीकारी | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • कम अवसरको प्राप्ति र न्यून अनुभवको अधारमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व गर्ने पदाधिकारीलाई क्षमता विकासको लागि प्राथमिकतामा राख्ने । | २०० | आ.व ०८०/०८१ | महिला तथा लक्षित बर्गका प्रतिनिधिहरू | प्रशासन शाखा |
| | • कर्मचारी पदाधिकारी तथा सरोकारवालालाई दिगो विकास लक्ष्य, बेईजिङ घोषणा पत्र, साथै लैससास सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्दताहरू सम्बन्धी क्षमता विकास गरी त्यसको आधारमा कार्यक्रम गर्ने । | ३०० | आ.व २०८१/८२ | सबै विषयगत शाखाका कर्मचारी तथा पदाधिकारी | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच कार्यगत संयन्त्र (संजाल) गठन गरी संजालका प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिम प्रदान गर्ने । | २०० | आ.व २०८१/८२ | गा.पा.का सबै सरोकारवाला | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • गाउँपालिकाको अनुगमन समितिले | ३०० | आ.व २०८१/८२ | अनुगमन समिति | प्रशासन शाखा/ योजना |

| रणनीतिक उद्देश्यहरू | प्रमुख क्रियाकलापहरू (कति पटक वा कतिवटा) | लागत रकम हजारमा | समयावधि (कहिले गर्ने महिना वा साल) | लक्षित समुह (कार्यक्रम वा क्रियाकलाप हरू कसको लागि गर्ने) | जिम्मेवारी (कसले गर्ने, नेतृत्व कसले लिने) |
|---|---|---|---|---|---|
| | लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्वन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्दा सरोकारवालालाई पुगेको लाभ, प्रभाव र असरको विश्लेषण गर्ने । | | | | शाखा |
| | • महादेवा गाउँपालिकामा गठन हुने बालक्लव, आमा समुह, महिला समुह, सहकारी, किशोरकिशोरी समुहलाई लैससास सम्बन्धी अभिमुखिकरण गर्ने । | २०० | आ.व ०८०/०८१ | महिला, बालक्लबका प्रतिनिधिहरू | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| गाउँपालिका भित्र हुने सबै प्रकारको लैङ्गिक विभेद, हिंसा र अन्य सामाजिक कु-संस्कारहरूको अन्त्य गरी सबैले सामाजिक न्याय प्राप्त गरेको अनुभुति हुने सभ्य समाजको निर्माण गर्ने | • गाउँपालिका भित्रका सबै वडाका बिभिन्न समुदायहरूमा विद्यमान लैङ्गिक विभेदको अवस्था, परिमाण र समाधानका उपायहरू बारे सर्वेक्षण गरी प्रतिवेदन तयार गर्ने । | २०० | आ.व २०८१/८२ सम्म | गाउँपालिका सबै | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • गाउँपालिकाको पदाधिकारी/ कमर्चारीलाई लैङ्गिक तथा समावेशी विकास, लैंगिक हिंसा निवारण सम्बन्धी तालिम दिने र तालिम कार्यकममा लक्षित समूह तथा महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चित गर्ने । | २०० | आ.व ०८१/०८२ सम्म | कर्मचारी तथा पदाधिकारी | प्रशासन शाखा |
| | • गाउँपालिका भित्रका सबै सरकारी कार्यलयहरूमा लैससास सम्पर्क व्यक्ति तोक्ने । | २०० | आ.व ०८०/०८१ सम्म | कर्मचारी तथा पदाधिकारी | प्रशासन शाखा |
| | • गाउँपालिकाले स्थानीय रेडियो, एफ.एम, छापा | ३०० | निरन्तर | समुदायका सबै | सुचना शाखा |

| रणनीतिक उद्देश्यहरू | प्रमुख क्रियाकलापहरू (कति पटक वा कतिवटा) | लागत रकम हजारमा | समयावधि (कहिले गर्ने महिना वा साल) | लक्षित समुह (कार्यक्रम वा क्रियाकलाप हरू कसको लागि गर्ने) | जिम्मेवारी (कसले गर्ने, नेतृत्व कसले लिने) |
|---|---|---|---|---|---|
| | लगायत श्रब्यदृश्य समेतका सबै माध्यम द्वारा लैङ्गिक हिंसा, घरेलु हिंसा, तथा सामाजिक कुरीति उन्मुलन सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्नेछ । | | | | |
| | • गाउँपालिका भित्र कुन वर्ग, लिङ्ग समुदायका व्यक्तिहरू लैङ्गिक विभेदको जोखिममा छन् सोको अध्ययन गरी स्थिति विश्लेषण गर्ने । | २०० | आ.व २०८१/८२ सम्म | हिंसा पिडित सबै | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा/वडा समिति |
| | • सबै वडाहरूमा हानिकारक सामाजिक कुसंस्कारले पारेको असर र प्रभावका बारेमा पदाधिकारी, लैससास क्षेत्रमा कार्यरत समूह, सञ्जाल र संयन्त्रसंग समय समयमा समिक्षा गर्ने । | ३०० | आ.व २०८२/८३ सम्म | हिंसा पीडित महिला तथा समुह | वडा समिति |
| | • समुदाय तह देखि महिला हिंसा बिरुद्दको सुचना र हिंसा भएमा कसरी उजुरी गर्ने, कहाँ गर्ने भन्ने लगायतका सुचनाहरू स्थानीय भाषा र सबैको पहुँचमा हुनेगरी प्रवाह गर्ने । | २०० | निरन्तर | हिंसा पीडित महिला तथा समूह | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा /सुचना शाखा, नगर प्रहरी |
| | • हिसां मुक्त गाउँपालिका र वडा घोषण गर्न सुचक तयार गर्ने र सुचकको आधारमा कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने । | ३०० | आ.व २०८१/८२ | गाउँपालिकाका सबै | लैससास कार्यान्वयन समिति/प्रशासन शाखा |
| | • समाजमा विद्यमान हानिकारक सामाजिक मुल्य मान्यता, सोच र | २०० | निरन्तर | हिंसा पीडित महिला तथा समुह | महिला, बालबालिका तथा जेष्ठ |

| रणनीतिक उद्देश्यहरू | प्रमुख क्रियाकलापहरू (कति पटक वा कतिवटा) | लागत रकम हजारमा | समयावधि (कहिले गर्ने महिना वा साल) | लक्षित समुह (कार्यक्रम वा क्रियाकलाप हरू कसको लागि गर्ने) | जिम्मेवारी (कसले गर्ने, नेतृत्व कसले लिने) |
|---|---|---|---|---|---|
| | व्यवहार परिवर्तन गर्न रणनैतिक योजना तथा कार्यक्रम तयार गर्ने । | | | | नागरीक शाखा |
| | • गाउँपालिकाको अगुवाईमा सामुदायिक संघसंस्था, युवा क्लव, बाल क्लव तथा निगरानी समुहहरूको गठन तथा परिचालन गरी लैङ्गिक विभेद तथा हिंसा नियन्त्रणका लागि सो संघसस्थाहरू संग सहकार्य समन्वय गर्ने । | २०० | निरन्तर | हिंसा पीडित महिला तथा समुह | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • लैङ्गिक हिंसामुक्त गाउँपालिका घोषणा गर्ने । | १०० | आ.व २०८२/८३ | गा.पा. सबै | गाउँसभा |

## परिच्छेद — चारः लैससास रणनीति कार्यान्वयन, अनुगमन र प्रतिवेदन

### ४.१ लैससास रणनीति कार्यान्वयन गर्ने सम्यन्त्र

लैससास मुलप्रवाहीकरण रणनीतिक योजनाको प्रभावकारी रुपमा कार्यन्वयन गर्न निम्न समितिहरू व्यवस्था गरिने छ ।

#### ४.१.१ गाउँपालिकास्तरीय लैससास कार्यान्वयन समितिको गठन

गाउँपालिका स्तरीय लैससास कार्यान्वयन समितिको गठन यस प्रकार छ ।

- गाउँपालिकाका अध्यक्ष - संयोजक
- उपाध्यक्ष - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- सामाजिक विकास समितिका संयोजक - सदस्य
- कार्यपालिकाका सदस्यहरूमध्येबाट कम्तिमा २ जना महिला सहित संयोजकले तोकेका ३ जना - सदस्य
- सामुदायिक सङ्घ संस्थाहरूमध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका ३ जना -सदस्य
- लैससास हेर्ने शाखा प्रमुख - सदस्य सचिव

समितिका पदाधिकारी तथा सदस्यहरू ९ देखि १३ जना सम्म रहन सक्नेछन् ।

#### ४.१.२ वडास्तरमा लैससास कार्यान्वयन समिति गठन

प्रत्येक वडा स्तरमा देहाय बमोजिमको लैससास कार्यान्वयन समिति गठन गरिएको छ । सो समिति मार्फत लैससास सम्बन्धी सबै किसिमका कार्यक्रमहरूको समुदाय स्तरसम्म पुऱ्याइने छ ।

- वडा अध्यक्ष -संयोजक
- वडा सदस्य (महिला र दलित महिला सहित) -३ जना सदस्य
- वडा सचिव - सदस्य सचिव
- अतिथिः सङ्घ-संस्थाबाट आवश्यकता अनुसार -२ जना सदस्य

#### ४.१.३ लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार

लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) लैससास रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवालासँग प्रभावकारी समन्वय र सहकार्य गर्ने ।

ख) महादेवा गाउँपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि, आवधिक योजना र अन्य प्रकाशीत दस्तावेजमा लैससासको विषयबस्तुको समावेश गरी मूलप्रवाहीकरण गर्ने ।

ग) लैससास रणनीति अनुरुप लैङ्गिक तथा समाजिक विकासको कार्यविधि तयार गरी कार्यान्वयन गर्ने ।

घ) योजना तथा बजेट तर्जुमा गर्दा लैससासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने ।

ङ) लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्क सङ्कलन एवम् विश्लेषण गर्न सहयोग गर्ने ।

च) लैससास सम्बन्धी क्षमता अभिबृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने र गराउने ।

छ) लैससास रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरूको समाधान गर्न आवश्यक व्यवस्था गर्ने ।

ज) उल्लेखित कार्यहरू गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने ।

### ४.१.४ वडास्तरको लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार

वडास्तरको लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) महादेवा गाउँपालिकाको लैससास समन्वय समितिले गरेको कार्यहरू जस्तै ऐन, कानून, नीति, आवधिक योजना विषयगत योजना र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेज समुदाय स्तरका सरोकारवाला र नागरिक समाजसँग छलफल गरी लैससास सम्बन्धी विषयवस्तुहरू समावेश गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने ।

ख) गाउँपालिकाको वडातहको लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न सहयोग गर्ने ।

ग) गाउँपालिकाका वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारीता ल्याई महिला र विपन्न वर्गहरूको सूचना, श्रोत र साधनमा पहुँच बढाई फाइदाको समानुपातिक वितरण सुनिश्चित गर्न नेतृत्वदायी भूमिका निभाउने ।

घ) गाउँपालिकाको योजना तथा बजेट तर्जुमा प्रकृया देखि कार्यान्वयन र अनुगमनको चरण सम्म समुदायका विपन्न वर्ग, तथा महिलाहरूलाई सहभागी गराउन नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने ।

ङ) गाउँपालिकाको वडा स्तरमा लैससास सम्बन्धि क्षमता विकासको योजना तयार गरी लैससास क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने र गराउने ।

च) उल्लेखित कार्यहरू गर्न कार्य योजना बनाई कार्यान्वयन गर्ने र गराउने ।

### ४.१.५ वैठक, कार्यविधि र सेवासुविधा

क) गाउँपालिकास्तरीय समितिको बैठक सामान्यतया प्रत्येक त्रैमासिक रुपमा बस्ने छ तर अवश्यकता परेमा जहिले पनि बस्न सक्ने छ ।

ख) वडा स्तरीय समितिको बैठक प्रत्येक २ महिनामा बस्ने छ ।

ग) समिति र उपसमितिका वैठकहरूको कार्यविधि गाउँपालिकाका अन्य समिति वा उपसमिति सरह हुनेछ ।

घ) सेवा सुविधा गाउँपालिकाको नियम बमोजिम हुनेछ ।

### ४.१.६ सम्पर्क व्यक्ति

गाउँपालिकाले लैससासलाई संस्थागत गर्नको लागि सामाजिक विकास शाखा वा महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी लैससासको सवालहरूलाई सम्बोधन गर्न सहज बनाउनेछ ।

## ४.२ लैससास रणनीति कार्यान्वयनमा सरोकारवालाको भूमिका

लैससासको रणनीतिको प्रभावकारी कार्यान्वयन तथा यस क्षेत्रमा काम गर्नको लागि विभिन्न सरकारी तथा गैर सरकारी दातृ साझेदारहरू, सामुदायिक संस्थाहरू र नागरिक संस्थाहरू नै मुख्य सरोकारवाला हुन। गाउँपालिकामा लैससास रणनीति तर्जुमा तथा कार्यान्वयन गर्न निम्न बमोजिमका सरोकारवालाहरू रहेका छन् ।

तालिका ४: सरोकारवालाहरूको पहिचान सम्बन्धि विवरण

| क्र.स | लैससासको क्षेत्रमा काम गर्ने मुख्य सरोकारवाला | लैससास मुलप्रवाहिकरणको लागि सरोकारवालाको भुमिका तथा कार्य |
|---|---|---|
| १ | महादेवा गाउँपालिका | • लैससास सम्बन्धी नीति, रणनीति, कार्यविधि, कार्ययोजना निर्माण गर्ने<br>• लैससासको लागि आवश्यक बजेट बिनियोजन गर्ने<br>• योजना, कार्यक्रम तथा बजेटको अनुगमन तथा मुल्याङ्कन गर्ने । |
| २ | लैससास कार्यान्वयन समिति | • महादेवा गाउँपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि, योजना र अन्य प्रकाशीत दस्तावेजमा लैससासको विषयबस्तुको समावेश गरी मुलप्रवाहीकरण गर्ने |

| क्र.स | लैससासको क्षेत्रमा काम गर्ने मुख्य सरोकारवाला | लैससास मुलप्रवाहिकरणको लागि सरोकारवालाको भुमिका तथा कार्य |
|---|---|---|
| | | • योजना तथा बजेट तर्जुमा गर्दा लैससासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने<br>• लैससास सम्बन्धी क्षमता अभिवृदि योजना तयार गरी लागु गराउने<br>• लैससास रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भुमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवालासंग प्रभावकारी समन्वय र सहकार्य गर्न । |
| ३ | न्यायिक समिति | • गाउँपालिका तहमा आएका आफ्ना अधिकार क्षेत्र भित्रका सवालहरूमा निर्णय गर्ने र अन्य मुद्दाहरूमा सम्बन्धित निकायमा सिफारीस गर्ने<br>• सबै वडातहमा मेलमिलाप केन्द्र सञ्चालन गर्ने । |
| ४ | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | • लैससास सम्बन्धी वनेका रणनीतिको कार्यान्वयन गराउने<br>• महिला बालबालिका तथा लक्षित वर्गको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने<br>• लैससासको शीर्षकमा विनियोजन भएको बजेटको समयमानै खर्च गर्ने<br>• लैससासको लागि भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रावधानहरू र प्रतिवद्दताहरूबारे कर्मचारी तथा पदाधिकारीहरूलाई सचेतिकरण गरी कार्यान्वयनमा ल्याउन नेतृत्वदायी भुमिका खेल्ने । |
| ५ | वडा समिति | • वडातहको लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्क संकलन र व्यस्थापन गर्ने<br>• योजना छनोट प्रकृयामा महिला तथा लक्षित वर्गसंग छुट्टा छुट्टै छलफल गरी उनिहरूको व्यवहारीक र रणनीतिक आवश्यकताको आधारमा योजनाको प्रथमिकिकरण गर्ने<br>• टोल स्तरमा लैससास सम्वन्धी सचेतना कार्यक्रम गर्ने । |
| ६ | इलाका प्रहरी कार्यालय | • घरेलु हिंसा, यौनजन्य वा अन्य लैङ्गिक हिंसाको उजुरीको सुनुवाई गरी पीडितलाई संरक्षण र दोषि उपर कार्वाही गर्ने । |
| ७ | नागरिक समाज (बाल क्लव, युवा क्लब, आमा समुह, गैर सरकारी संघ संस्थाहरू) | • महिला तथा बञ्चितिकरणमा परेका समूहका लागि सामाजिक परिचालनका क्रियाकलापहरूमा सहयोग गर्ने<br>• समावेशी सवालमा अवाज उठाउने र कार्यगत सिकाईको अभिलेखिकरण गर्ने<br>• सामाजिक विभेद तथा कुरिती विरुद्द आवाज उठाउने र जनचेतनामुलक कार्यक्रम गर्ने । |
| ८ | सहकारी संघ संस्थाहरू | • महिला तथा वञ्चितिकरणमा परेका समूहहरूका लागि आर्थिक प्राविधिक र व्यावसायीक सहयोग पुऱ्याउने |

| क्र.स | लैससासको क्षेत्रमा काम गर्ने मुख्य सरोकारवाला | लैससास मुलप्रवाहिकरणको लागि सरोकारवालाको भुमिका तथा कार्य |
|---|---|---|
| | | • महिला तथा विपन्न समूहको उधमशिलता विकासका लागि लगानी तथा क्षमता विकास गर्ने<br>• उधमशीलता विकासको लागि लगानी गरी उत्पादित बस्तुको बजारिकरणको व्यवस्था गर्ने । |
| ९ | समुदाय | • कार्यक्रम कार्यान्वयनका लागि साझेदारीको रुपमा काम गर्ने<br>• समाजमा विद्यमान विभेदकारी प्रचलनका विरुद्ध आवाज उठाउने र छलफल गराउन सहयोग गर्ने<br>• सेवा प्रदायक निकाय, संघसंस्थाको व्यवहार, कार्यशैली एवं क्रियाकलापहरूको निगरानी गर्ने । |
| १० | जिल्ला प्रहरी कार्यालय/ जिल्ला प्रशासन कार्यालय | • हिंसा पीडितको उजुरी लिने<br>• पीडितको संरक्षण गर्ने<br>• घटनाको अनुशन्धान गरी प्रमाणको आधारमा पीडक विरुद्ध अदालतमा मुद्धा दर्ता गर्ने । |
| ११ | जिल्ला अदालत | • हिंसा पीडितलाई न्याय दिने<br>• वाल, महिला तथा नागरिक अधिकारको रक्षा गर्ने । |

## ४.३ अनुगमन तथा मूल्याङ्कन

### ४.३.१ गाउँपालिकाको लैससास रणनीतिको लागि मुख्य कार्यक्षेत्रहरू

- गाउँपालिकाका नीति कानून तथा योजना ।
- लैससास मैत्री पालिकाको संस्थागत संरचना ।
- मानव संसाधन तथा क्षमता विकास ।
- गाउपालिकाका सबै निकायबाट सेवा प्रवाह ।
- सबै कामकाजको सुशासन तथा उत्तरदायित्व ।
- गाउँपालिकाको आर्थिक तथा सामाजिक सशक्तीकरण ।

### ४.३.२ रणनीति कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन सम्बन्धि व्यवस्था

यो रणनीतिक योजना कार्यान्वयनका लागि निम्नानुसार अनुगमन तथा मुल्याङ्कन योजना तय गरिएको छ ।

- गाउँपालिका स्तरीय लैससास मुलप्रवाहीकरण रणनीतिक योजना अनुगमन तथा मुल्याङ्कनको लागि ५ सदस्यीय अनुगमन तथा मुल्याङ्कन समिति गठन गरिनेछ ।

- अनुगमन समितिमा लैससास सम्बन्धी ज्ञान भएको कर्मचारी तथा पदाधिकारी र तथ्याङ्कमा काम गर्ने जनशक्ति समावेश गरिनेछ ।
- लैससास रणनीतिले लिएको ध्येय, लक्ष्य, उदेश्य र कार्ययोजना कार्यान्वयनको सूचकहरू निर्धारण गरी अनुगमन तथा मुल्याङ्कन गरिनेछ । हरेक आ.व.को अन्त्यमा अनुगनम र मुल्याङ्कन गरी रणनीतिको प्रभावकारिता, समिक्षा र आवश्यकता अनुसार संशोधन गरिनेछ ।
- अनुगमन र मुल्याङ्कन टोलीमा स्थानीय सरोकारवाला र लक्षित वर्गलाई पनि सहभागी गराइनेछ ।

## ४.४ लैससास रणनीतिको समिक्षा तथा सुधार

### ४.४.१ लैससास रणनीति कार्यान्वयनको लागि वित्त व्यवस्थापन

**आर्थिक स्रोत**

लैससास रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधन व्यवस्थापन गर्नु महादेवा गाउँपालिकाको प्रमुख दायित्व हुनेछ । गाउँपालिकाको सम्पूर्ण विषयगत शाखाहरूले आ-आफ्नो योजना तथा कार्यक्रममा नै लैससासलाई मूलप्रवाहीकरण गर्नु पर्दछ । यो रणनीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड, निर्देशिका निर्माण, लैससास विज्ञको आपुर्ति जस्ता विविध कार्यहरूका लागि लाग्ने अनुमानित स्रोत साधनबारे निजि सरकारी साझेदारी कार्यक्रमको माध्यमबाट सरोकारवालाहरूसँग छलफल गरी गाउँपालिकाले प्रत्येक आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रमका बेला यस शीर्षकमा आवश्यक बजेट विनियोजन गर्नेछ । लैससास रणनीतिक योजना कार्यान्वयन गर्न आन्तरिक तथा बाह्य स्रोतको समेत परिचालन गर्नेछ ।

**मानवीय स्रोत**

लैससास मूलप्रवाहीकरण रणनीतिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजान आवश्यकता अनुसार संयोजन र सहकार्य गर्ने प्रमुख जिम्मेवार गाउँपालिका स्तरीय लैससास कार्यान्वयन समिति रहनेछ । यस रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गाउँसभाका सबै पदाधिकारी, वडा, टोल स्तरीय समिति लगायत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहनेछ । विभिन्न समिति तथा समूहहरूलाई क्रियाशील बनाउन गाउँपालिका स्तरीय समितिको भूमिका प्रभावकारी हुन आवश्यक छ । गाउँपालिकाकाले रणनीतिक योजना कार्यान्वयनको लागि आवश्यक जनशक्तिको क्षमता विकास गरी जिम्मेवार

बनाउनेछ । लैससास रणनीतिक योजना कार्यान्वयन गर्न महिला तथा बालबालिका शाखाले जिम्मेवारी निर्वाह गर्नेछ ।

### ४.४.२ सम्भावित जोखिम तथा न्यूनीकरणका उपायहरू

लैससास रणनीतिक योजना कार्यान्वयनमा आउन सक्ने सम्भवित जोखिम तथा सो जोखिम न्यूनीकरणका उपायहरू:

तालिका ५: सम्भावित जोखिम तथा न्यूनीकरणका उपायहरू

| क्र.सं. | सम्भावित जोखिम | जोखिम न्यूनिकरणका उपायहरू |
|---|---|---|
| १ | लैससास विषय गाउँपालिकाको प्राथमिकतामा नपर्न सक्छ । | लैससासलाई प्रथमिकतामा राख्न नीतिगत व्यवस्था गर्ने । |
| २ | रणनीति कार्यान्वयन गर्न जिम्मेवार निकाय तथा सरोकारवाला बीच समन्वय नहुन सक्छ । | सरोकारवाला वीचमा नियमित समन्वय बैठक राख्ने तथा पालिकास्तरमा रहेका नागरिक समाज तथा सञ्जालहरूको सहकार्यमा लक्षित समुदायका व्यक्तिहरूलाई लाभान्वित गर्न सकिने बारेमा नियमित छलफल गर्ने । |
| ३ | रणनीतिक योजना कार्यान्वयनको लागि स्रोतको व्यवस्थापन । | आवश्यक आर्थिक स्रोतको व्यवस्थापन गाउँपालिकाले गर्नेछ । स्रोत व्यवस्थापनका लागि गाउँपालिकाले सरोकारवाला निकायहरू, संघ/संस्थाहरू, प्रदेश प्रशिक्षण प्रतिस्ठानसंग साझेदार र आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ । |
| ४ | सामाजिक विभेद तथा भेदभाव जन्य व्यवहार र प्रचलन । | समाजमा विद्यमान सबै प्रकारका विभेद तथा भेदभावजन्य प्रचलन, व्यवहार र कुरीतिहरूको अन्त्यका लागि आवश्यक कानूनहरूको तर्जुमा र भईरहेका कानूनहरूको पुनरावलोकन गरिनेछ । चेतनामुलक कार्यक्रमहरू सञ्चालन गरिने छ । कुनै पनि प्रकारको हिंसा, विभेद शोषण र हानिकारक अभ्यासहरूमा गाउँपालिकाले शून्य सहनशीलताको नीति लिनेछ । |

## ४.५ निष्कर्ष

समाजमा विद्यमान लैङ्गिक विभेद तथा जातीय असमानता, विभेदयुक्त गलत सामाजिक व्यवहार र मूल्य मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिबी आदि जस्ता विसंगतिहरूलाई निरुत्साहित गर्न तथा नेपाल सरकारद्वारा निर्माण गरी जारी गरिएका राष्ट्रिय नीति तथा कानुनहरू र लैङ्गिक

समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त गरिएका विभिन्न अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई स्थानीय तहदेखि नै कार्यान्वयन गर्न/गराउन र निरन्तरता दिन **महादेबा गाउँपालिकाको लैससास रणनीति २०८०** निर्माण गरी लागू गरिएको छ ।